जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २६५ • २०८१ साल फाल्गुन ०७ गते बुधबार (19 February, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सरकारी अस्पतालमा सुधारको माग गर्दै पुतला दहन



**टुडे समाचारदाता**

जनकपुरधाम । अवैध रूपमा सञ्चालित निजी अस्पताल पूर्ण प्रतिबन्ध लगाउँदै सरकारी अस्पतालको स्तरोन्नति गर्न माग गर्दै राष्ट्रिय एकता अभियानले मुख्यमन्त्री सतीशकुमार सिंहको पुतला दहन गरेको छ ।

अभियानका नेता कार्यकर्ताहरुको समूहले प्रादेशिक अस्पताल जनकपुर अगाडि नाराबाजी गर्दै मुख्यमन्त्री सिंहको पुतला दहन गरेका छन् ।

प्रदर्शनकारीहरूले सरकारी अस्पतालमा आवश्यक स्वास्थ्य उपकरण, दक्ष चिकित्सक र गुणस्तरीय सेवा उपलब्ध नभएको आरोप पनि लगाएका छन् । उनीहरूले सरकारी अस्पतालहरूमा गुणस्तरीय सेवा अभावका कारण बिरामीहरूलाई जबर जस्ती निजी अस्पतालमा पठाइन्छ, जहाँ बिरामीहरूसँग अत्यधिक शुल्क असुल्ने, अनावश्यक परीक्षण गराउने र महँगा उपचार प्रक्रिया अपनाउने जस्ता ठगीका क्रियाकलाप भइरहेको जनाएका छन् ।

उनीहरुले जनकपुरधाम क्षेत्रमा नियम विपरीत सञ्चालनमा रहेका निजी अस्पतालहरूको तत्काल छानबिन गरी अवैध रूपमा सञ्चालन भइरहेका अस्पतालहरूलाई बन्द गर्न माग समेत गरेका छन् ।

सो क्रममा अभियानका नेताहरू मनीष पुर्वे, अक्षय यादव, दीपु झा, पंकज झालगायतको नेतृत्वमा भएको प्रदर्शनमा सयौं नागरिकहरूको सहभागिता रहेको थियो । उनीहरूले 'अवैध अस्पताल बन्द गरौं, सरकारी अस्पताल सुधार गरौं' तथा 'स्टन्टबाजी होइन, स्वास्थ्य सेवामा वास्तविक सुधार चाहिन्छ' जस्ता नारा लगाउँदै सरकारको आलोचना गरेका छन् ।

### मधेश प्रदेश कांग्रेसमा गुटफेर

# कोइराला गुटतर्फ बढ्दो आकर्षण, देउवा गुटमा तानातान

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेशमा गुटफेर तीव्ररुपमा बढेको छ । संस्थापन पक्षमा रहेक कयौं नेताहरु गुट फेर्दै डा.शेखर कोइराला गुट तर्फ आकर्षित भएका छन् ।

लामो समयदेखि शेरबहादुर देउवा पक्षधर रहेका धनुषा कांग्रेसका पूर्वसभापति समेत रहेका प्रदेश सभासद रामसरोज यादवलगायतका नेताहरु कोइरालाको सम्पर्कमा पुगेका छन् ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा कांग्रेस भित्र चरम गुटबन्दी देखिएको छ । पूर्वउपसभापति विमलेन्द्र निधिलाई उनकै पूर्वसहयोगी जीवनाथ चौधरीले कडा चुनौती दिइरहेका छन् ।

निधिको निर्वाचन क्षेत्रमा चौधरीले उनी निकट रामसरोज यादव, गणेश झा, प्रफुल्लराज घिमिरे लगायतको टिम निर्माण गरेका छन् । जिल्लामा देउवा समुहमा अटाउन सकस भएपछि सभासद यादव लगायतका नेताहरु डा.कोइरालाको सम्पर्कमा पुगेका छन् ।

डा. कोइराला समुहमा प्रारम्भदेखि डा. चन्द्रमोहन यादव लगायतका नेताहरु रहँदै आएका छन् ।उनी धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ मा देउवा समुहका नेता सहमहामन्त्री समेत रहेका महेन्द्र यादवलाई चुनौती दिँदै आएका छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा सभासद यादव चौधरी गुटमा नै रहेपनि जिल्ला, प्रादेशिक र केन्द्रिय राजनीतिमा डा.कोइराला समुहमा रहने छन् ।

डा.कोइरालाले मधेश प्रदेशमा सकृयता बढाएका छन् । सभापतिका प्रबल दावेदार रहेका डा.कोइरालाको पक्ष मधेश प्रदेशमा समेत सशक्त हुन थालेको छ ।धनुषामा कुनै बेला निकै कमजोर रहेको डा.कोइराला समूह अहिले बलियो बनेको छ ।



नेपाली कांग्रेस धनुषामा निधि गुट सर्वाधिक बलियो रहे पनि अहिले उनी आफ्नै क्षेत्रमा चौधरीलगायतका समूहसित प्रतिष्पर्धा गर्ने अवस्था आएको छ ।

धनुषामा अब प्रमुख रुपमा तीन वटा गुट देखिएको छ । कांग्रेसको पछिल्लो महाधिवेशनमा शेरबहादुर देउवाविरुद्ध सभापतिमा निधिले चुनाव लडेदेखि उनको स्थिति क्षेत्रमा समेत कमजोर बनेको बताइन्छ । आफ्नै क्षेत्रमा आन्तरिक विवाद चर्किएकै कारण नेता निधि विगतमा प्रतिनिधि सभाको चुनावमा पराजित भएका थिए । पछिल्लो चुनावमा उनी प्रतिष्पर्धामा नगइ समानुपातिकको सहज मार्गबाट संघीय संसदमा पुगे ।

पूर्वप्रदेश मन्त्री यादवले साथ छाडेपछिको आक्रोश निधि पुत्रले सामाजिक सञ्जालमा पोखेका छन् । उनले सिपाही रहेकाहरुले नै विपक्षीहरुलाई मार्ग देखाएको आरोप लगाउँदै रामसरोज यादवमाथि प्रहार गरेका छन् ।

यद्यपि धनुषा कांग्रेसका सभापति योगेन्द्र पजियार नेता निधिको पक्षधर छन् । धनुषा निर्वाचन क्षेत्र नम्बर २ का सांसद रामकृष्ण यादव डा. कोइराला गुटमै छन् । यद्यपि उनी सहमहामन्त्रीको विरुद्ध जिल्लामा निधिसित पनि निकट सम्बन्ध बनाएका छन् ।

मधेश प्रदेशमा देउवा समूह अझै पनि बलियो रहेको बताइन्छ । मधेश प्रदेशका सभापति कृष्णा यादवसमेत अधिकांश जिल्लाका सभापति देउवा समुहका छन् । देउवा समुहमा अवसरको संभावना कमजोर देखेपछि नेताहरु गुटफेरमा लागेका छन् ।

मधेश प्रदेशमा देउवा समूहको नेतृत्व सहमहामन्त्री महेन्द्र यादवले गरिरहेका छन् । प्रदेश सभापति यादव अब सहमहामन्त्रीको नातेदार समेत भएकाले भविष्य असुरक्षित महसुस गरेका सभासद रामसरोज यादव डा.कोइराला गुट तर्फ लागेको नेताहरुले बताउन थालेका छन् ।

मधेश प्रदेश सरकारमा कोइराला गुटबाट यादव सहभागि हुने प्रयत्न गर्न सहज महसुस गरेको बताइन्छ । प्रदेश सभामा कोइराला समूहका सभासद मधेश प्रदेशमा निकै कम छन् ।

कांग्रेसमा भएको गुटफेर अस्वभाविक नभएको जिल्ला उपसभापति गणेश झा बताउँछन् । धनुषामा मात्र होइन, समग्र मधेश प्रदेशमा डा.कोइराला पक्ष बलियो भएको छ, झाले भने, आउँदो महाधिवेशन अगावै मधेश प्रदेशमा कोइराला समूह नेतृत्वमा हुनेछ ।

धनुषामा निधिको हुकमी शैली र प्रदेशमा देउवा समूहको मनपरीबाट कोइराला गुटमा नेताहरु जान थालेको झाले बताए । नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले आन्तरिक प्रतिष्पर्धा हुनु स्वभाविक भएको बताउँदै झाले भने, कांग्रेसमा गुट फेरिने नौलो होइन ।

नेपाली कांग्रेसले संगठन सुदृढीकरणका लागि सय दिने अभियान चलाएको छ । तर अभियानसँगै पार्टीमा गुटबन्दी झाँगिन थालेको छ । गुटफेरमा लागेका नेताहरु आगामी महाधिवेशन र मधेश प्रदेशमा आफ्नो भविष्य सुनिश्चतता चाहेको बताइन्छ ।






# विद्यालय शिक्षा ऐन जारी गराउन शिक्षक महासंघ आन्दोलित

टुडे समाचारदाता




मलंगवा । नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा ऐन शीघ्र जारी गराउन भन्दै आन्दोलनको घोषणा गर्दै पहिलो चरणको कार्यक्रमहरु सार्वजनिक गरेको छ । माघ १६ र १७ गते बसेको राष्ट्रिय समिति बैठक अनुसार महासंघले पहिलो चरणको आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गरेको हो ।

महासंघका अनुसार सरकारले विगतमा शिक्षक तथा विद्यालय कर्मचारीहरूसँग भएका सहमति कार्यान्वयन नगरेपछि संघर्षको बाटो अपनाउन बाध्य भएको जनाएको छ । नेपाल शिक्षक महासंघका अनुसार २०७५, २०७८ र २०८० सालका आन्दोलनहरूको परिणामस्वरूप सरकारले शिक्षक तथा विद्यालय कर्मचारीका हकहितलाई सम्बोधन गर्ने सहमति गरेको थियो।

तर, सरकारले बारम्बार बहाना गर्दै ऐन जारी नगरेको महासंघको आरोप छ। संसदीय प्रक्रियामा रहेको विद्यालय शिक्षा ऐनले शिक्षकहरूको मागलाई सम्बोधन गर्नुपर्नेमा उल्टै निवृत्तिभरण सम्बन्धी अध्यादेश जारी गरेर शिक्षकहरूको भावना उपेक्षा गरिएको महासंघको भनाइ छ।

शिक्षक महासंघले स्थायी, राहत, मावि, उमावि, शिक्षण सिकाइ अनुदान, अस्थायी करार, प्राविधिक धार, विशेष शिक्षा, संस्थागत विद्यालयका शिक्षक लगायत सबै प्रकारका शिक्षक र विद्यालय कर्मचारीका माग सम्बोधन हुनुपर्ने बताएको छ।

शिक्षकहरूको उचित तलबमान, ग्रेड मिलान, मर्यादाक्रम निर्धारण, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधि सुधार, मासिक तलब भुक्तानीलगायत विषय सरकारले सम्बोधन गर्न नसकेको महासंघको आरोप छ । महासंघले पहिलो चरणको आन्दोलन शुरु भइसकेको बताउँदै माग पूरा नभए आगामी दिनमा अवरोधात्मक, अवज्ञा, बहिष्कार तथा काठमाण्डु केन्द्रित सडक आन्दोलनका कार्यक्रम अगाडि बढाउने चेतावनी दिएको छ। ऐन जारी नभएसम्म आन्दोलन नरोकिने महासंघको स्पष्ट धारणा छ ।

महासंघले आम विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा सबै शिक्षा सरोकारवालालाई आन्दोलनमा साथ दिन आग्रह गर्दै विद्यालय शिक्षा ऐन तत्काल जारी गराउन दबाब दिन अपील गरेको छ ।

# प्रादेशिक अस्पताल गौर मधेश प्रदेशमा उत्कृष्टः देशमै १० औं स्थानमा

सञ्जय मिश्रा




रौतहट । रौतहटको सदरमुकाम गौर स्थित प्रादेशिक अस्पताल मधेश प्रदेश मै उत्कृष्ट बनेको छ भने देशको १० औं स्थानको अस्पतालको सूचीमा पर्न सफल भएको छ ।

मधेश प्रदेश स्वास्थ मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अनुसार गरिएको अनुगमन निरीक्षण पछी कार्यसम्पादन मूल्यांकनको आधारमा उक्त घोषणा गरिएको हो ।

प्रादेशिक अस्पताल गौर मूल्यांकनको आधारमा कुल ८९ प्रतिसत मार्क ल्याएर मधेश प्रदेश को ६ वटा प्रादेशिक अस्पताल मध्ये १ नम्बर र देशकै ५० बेडका २० प्रादेशिक अस्पताल मध्ये ट्पटेनमा पर्न सफल भएको मेडिकल सुपरटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले बताए ।

प्रदेश स्वास्थ मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम लगायत बिभिन्न निकायका ७ सदस्यिय टोलीले आईतवार देखी प्रादेशिक अस्पताल गौरको सुक्षम तरिकाले छड्के अनुगमन निरीक्षण सुरु गरेको थियो ।

अनुगमन निरीक्षण पश्चात सोमवार साँझ अस्पतालको सभाकक्षमा टोली प्रमुख नर्सिङ प्रशासक नवौं तह सुनिता गुप्ताको अध्यक्षतामा एक बिशेष कार्यक्रमको आयोजना गरी नम्बरिङको निष्कर्ष निकालिएको अस्पताल विकास समितिका अध्यक्ष महमद अनवर हासमिले बताएका छन् ।

न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अन्तर्गत अनुगमन टोलीले अस्पतालले दिइरहेको सेवा, डाक्टर स्वास्थ्यकर्मीको अवस्था, उनीहरूले बिरामी संग गर्ने ब्यवहार,भौतिक पूर्वाधारको अवस्था, एम्बुलेन्स, क्यान्टिन, बिरामीको बेड, अपरेसन कक्ष ,शौचालयको अवस्था, सरसफाई, अस्पतालले बिरामीलाई दिने सुविधा लगायतको मूल्यांकन गरी छुट्टाछुट्टै नम्बर दिने गरेको अध्यक्ष हासमिले जानकारी दिएका छन् ।

कार्यक्रममा वक्ताहरुले केही समय अघिसम्म जिल्ला गौर प्रादेशिक अस्पताल रेफरल अस्पातालको नामले परिचित भएको थियो ।

तर बर्तमान अस्पताल विकास समितिका अध्यक्ष हासमी, मेडिकल सुरिटेण्डेण्ट डाक्टर ठाकुरको नेतृत्वमा प्रादेशिक अस्पताल गौरमा कार्यरत सम्पूर्ण डाक्टर, स्वास्थ्यकर्मी तथा सम्पूर्ण कर्मचारी अहोरात्र खटेर यो पहिचान कायम गर्न सफल भएको बताएका थिए ।

सो कार्यक्रममा जिल्ला प्रशासन कार्यालय रौतहतका प्रशासकिय अधिकृत मनिष झा, मेसु डाक्टर ठाकुर, अध्यक्ष हासमी,स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश कुमार सिंह, मधेस प्रदेश एम एम एस स्कोरिङ टिमका पदाधिकारीहरु,लगायत अस्पतालको सम्पूर्ण कर्मचारी तथा पत्रकार हरुको उपस्थिति रहेको थियो ।

प्रादेशिक अस्पताल गौरमा यस आर्थिक बर्षको ७ महिनामा बिभिन्न जटिल अपरेसन, सघन सेवा सहित ४३ हजार भन्दा बढी बिरामीलाई उपचार सेवा दिएको छ ।

गत साउन देखी माघ मसान्त सम्म २६ हजार ९६३ अपिडी र १७ हजार ३३१ ईमरजेन्सी बिरामीको उपचार भएको अस्पतालको तथ्यांकमा उल्लेख गरिएको छ। उक्त अवधिमा १३ हजार ९५८ बिरामीको रगत लगायत बिभिन्न परीक्षण,७ हजार ४९८ जनाको एक्सरे भएको छ। त्यस्तै २३ सय ५७ गर्भवती महिलाको नर्मल सुत्केरी र ४२६ जनाको पेटको अपरेसन गरेर सुत्केरी भएको अस्पतालका सर्जन डाक्टर शम्भू कुमार साहले बताएका छन् ।

त्यसैगरी ६७ जना बिरामीको हडी सम्बन्धी अपरेसन ,६६ जनाको अन्य अपरेसन,२१ जना बिरामी लाई बिभिन्न रोग विरुद्ध थेरापी, अन्य ८५ जना जटिल रोगको उपचार गरिएको उनले जानकारी दिएका छन् ।

त्यस्तै प्रादेशिक अस्पताल गौरमा पछिल्लो समय किड्नी सम्बन्धी बिरामीको डायलासिस सेवा पनी सुरु भएको छ । अस्पतालमा रहेको ३ वटा मेशिनको सहयोगले दैनिक बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म १५ जना बिरामीको डायलासिस भईरहेको तथ्यांकमा उल्लेख गरिएको छ ।

# तीनवर्षदेखि चिस्यान घर निर्माण रोकियो



महोत्तरी । चिस्यानघर निर्माण हुने आशामा बसेका बर्दिबास नगरक्षेत्रका किसान निराश भएका छन् । छ वर्षअघि निर्माण सुरु गरिएको चिस्यानघर तीन वर्षदेखि स्थगित छ । "चिस्यानघर बन्ने आशा थियो," बर्दिबास-९ का सुरजसिंह कुशवाहाले भन्नुभयो, "तर निर्माण रोकिएपछि आश म-यो ।" विसं २०७५ मा सुरु भएको चिस्यानघर निर्माण नगरपालिकाले प्राथमिकतामा नराख्दा सम्पन्न नभएको कुशवाहा बताउनुहुन्छ ।

विसं २०७५ मा नगरपालिकाले चिस्यानघर निर्माण सुरु गरेको थियो । विसं २०७९ को स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले चासो नदेखाएको किसानको गुनासो छ । बर्दिबास-२, ६ र ८ को मध्यमा 'मोडल एग्रो भिलेज' क्षेत्रभित्र चिस्यानघर निर्माण सुरु गरिएको थियो

कुल रु २२ करोड अनुमानित लागतमा बन्न थालेको चिस्यानघर तीन हजार मेट्रिक टन कृषि उत्पादन सुरक्षण गर्ने क्षमताको हुने लागत अनुमानमा उल्लेख छ । "अहिले हाम्रा फसलले मूल्य पाएका छैनन्," बर्दिबास-१२ बिजलपुराका किसान रामविलास सिंह भन्नुहुन्छ, "चिस्यानघर बनेको भए गत साउनमा पाकेको आँप हामी अहिले बजारमा पुऱ्याएर राम्रो मूल्य लिनसक्ने थियौं ।"

बन्न थालेको काम किन अड्क्यो भन्ने सर्वसाधारणको चिन्ता जायज नभएको नगर प्रमुख प्रल्हाद क्षत्री बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यो ठूलो रकमको महत्वाकाङ्क्षी योजना भएकाले पछिल्ला दिनमा आवश्यक बजेट अभावमा निर्माण अघि बढाउन नसकिएको हो ।" क्षत्रीले सङ्घीय र प्रदेश सरकारबाट चिस्यानघर निर्माणमा सहयोग जुट्नासाथ काम अघि बढाउने बताउनुभयो ।

चिस्यानघरको बाहिरी संरचना निर्माण भइसकेको छ । हालसम्म छ करोड खर्च भएको नगर कार्यपालिकाको कार्यालयले जनाएको छ । नगरपालिकाले मेयर कृषि कार्यक्रम सञ्चालनका लागि छुट्याएको बर्दिवास-२, ६ र ८ नं वडामा पर्ने एउटै प्लटमा ८४ बिघा जग्गा छ । सो जग्गाभित्र चिस्यानघर निर्माण थालिएको हो ।

बर्दिबास कृषि कार्यक्रमअन्तर्गतको 'मोडल एग्रो भिलेज' नमूना कृषिस्थल बनाइने नगरपालिकाले जनाएको छ । यहाँबाट अभिलेखीय प्रणालीको कृषि व्यवस्थित गरिने जनाइएको छ । "बर्दिबास कृषि कार्यक्रममा हामी नगरका सबै किसानलाई समेट्छौं," नगरप्रमुख क्षत्री भन्नुहुन्छ, "कुन किसानले कुन बाली कति क्षेत्रफलमा लगाउँदैछन् ? यो कति उत्पादन हुनसक्छ ? यसको अभिलेख खडा गरेर उत्पादित फसलको बजारसमेत पक्का गर्ने कार्यक्रमको उद्देश्य हो ।"रासस

# हरिपुरको नगरसभा सम्पन्न

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको हरिपुर नगरपालिकाको चौधौं नगरसभा मंगलवार सम्पन्न भएको छ। नगरसभाले यसअघि असारमा पारित गरेको केही योजनाहरू लाई संशोधन गर्दै कृषि, पूर्वाधार र सामाजिक विकास क्षेत्रमा बजेट खर्च गर्ने निर्णय गरेको छ ।



नगरसभाको सभाध्यक्ष तथा नगरप्रमुख गोपाल पजियारले नगरपालिकाको सभाहलमा उद्घाटन गर्नुभएको थियो। नगरसभामा प्रमुख प्रशासकीय अधिकृत विनय पौडेलले चालु आर्थिक वर्षको आठ महिनामा चालुतर्फ ३३.५ प्रतिशत र पूँजीगततर्फ ६.६ प्रतिशत बजेट खर्च भएको जानकारी गराए ।

संघीय सरकारले उपलब्ध गराउने करिब १३ प्रतिशत बजेट कटौती भएकाले नगरपालिकाको तीन करोड रुपैयाँ घटेको पौडेलले बताए ।

नगरसभामा वडाध्यक्षहरू नानीबाबू थापा, निलबिक्रम थापा, सुरेन्द्र चौधरी लगायतले कार्यपालिका सदस्यहरुले आ-आफ्ना धारणा राखेका थिए ।

गएको असार १० गते सम्पन्न नगरसभाले चालु आर्थिक वर्षका लागि अनुमानित ६६ करोड ६३ लाख ५६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

# १२ करोड खर्चमा विद्यालय भवन



टुडे समाचारदाता

बारा । अमेरिकामा पाँच दशकदेखि बस्दै आएको अग्रवाल परिवारले १२ करोड रुपैयाँ खर्चेर कलैया-१ स्थित जिल्लाकै सबभन्दा पुरानो राणाकालीन श्री ३ चन्द्र उच्च माविको भवन निर्माण गरेको छ ।

अग्रवाल परिवारले अमेरिकामा सञ्चालन गर्दै आएको द अग्रवाल फाउन्डेसनमार्फत २८ कोठाको तीनतले दुई वटा भवन बनाइदिएको छ । भवन निर्माणपछि कलैयावासी र स्थानीय सरकारका जनप्रतिनिधि उत्साहित देखिएका छन् ।

सो भवनको उद्घाटन फाउन्डेसनका अध्यक्ष डा. बजरंग अग्रवालले गरेका थिए । परिवारसहित कलैया आइपुगेका अग्रवाल परिवारलाई स्थानीयले बजार परिक्रमा गराउँदै विद्यालयबाट सम्मान गरेका थिए। भवन निर्माण गर्न फाउन्डेसनले झन्डै १२ करोड रुपैयाँ खर्चेको कलैया उपमहानगरपालिका-१ का वडाध्यक्ष मोहनबहादुर क्षेत्रीले जानकारी दिए ।

१९८४ वैशाख १९ मा स्थापना भएको उक्त विद्यालयको नाम श्री ३ चन्द्र मिडिल स्कुल थियो । नवनिर्मित भवनमा डा. बजरंग अग्रवाल सुमित्रा देवी शिक्षालय नाम राखिएको छ । प्रधानाध्यापक नरेन्द्र गिरीका अनुसार नेपाली र अंग्रेजी गरी दुई भाषामा पढाइ भइरहेको विद्यालयमा बालविकासदेखि माध्यमिक तहसम्म २६ सय विद्यार्थी छन् । विद्यालय भवन जीर्ण भएपछि आफू पढेको र जन्मेको भूमिमा स्मरणका लागि परिवारले विद्यालय निर्माणमा फाउन्डेसनमार्फत सहयोग गरेको फाउन्डेसनका अध्यक्ष डा. अग्रवालले बताए ।

सो फाउन्डेसनले कलैयामा १९९६ सालमा स्थापित सिद्धेश्वर संस्कृत माध्यमिक विद्यालयका छात्रछात्राका लागि ५५ लाख रुपैयाँ सहयोगमा १२ कोठाको तीनतले छात्रावास भवन पनि बनाइदिएको विद्यालयका प्रधानाध्यापक छविरमण सुवेदीले जनाए ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
वृष : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।
मिथुन : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
कर्कट : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ ।
सिंह : रमाइलोयात्राकोअवसरजुट्नसक्छ।
कन्या : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
तुला : प्रशंसकहरु बढनेछन् र मानसम्मान समेत पाइनेछ ।
वृश्चिक : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ ।
धनु : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ।
मकर : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।
कुम्भ : लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ ।
मीन : अध्ययन अध्यापनमा प्रगति हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



कोलम्बोको बजारमा खरबूजाहरू बिक्रीको लागि व्यवस्थित गर्दा एक विक्रेता इशारा गर्दै । *(इशारा एस कोडिकरा/एएफपीद्वारा फोटो)*

# गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गर्नु उद्देश्य: गृहमन्त्री लेखक




बागमती, ६ फागुनः गृहमन्त्री रमेश लेखकले संविधानको रक्षा गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप सुदृढ गर्नु सरकारको प्रमुख उद्देश्य रहेको बताउनुभएको छ।


बागमती प्रदेश राजधानी हेटौँडामा मंगलबारदेखि सुरु भएको दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ उद्घाटन गर्दै उहाँले सोही उद्देश्यका साथै मुलुकलाई समृद्धि र सुशासनको यात्रामा अगाडि बढाउन वर्तमान सत्तासमीकरण बनेको बताउनुभयो । गृहमन्त्री लेखकले निजी क्षेत्रलाई पनि समाहित गर्दै सरकार लगानीमैत्री वातावरण बनाउन लागि परेको उल्लेख गर्नुभयो। निजी क्षेत्रलाई व्यावसायिक वातावरणको सुनिश्चित गर्नको लागि नै अध्यादेश ल्याइएको भन्दै उहाँले वर्तमान सरकार गठन भएपश्चात् निर्माण व्यवसायीको भुक्तानी दिने प्रक्रिया सुरु भइरहेको बताउनुभयो।

निर्माण व्यवसायीहरूले जिम्मा लिएको काम गुणस्तरीय र समयमै सम्पन्न गर्नुपर्ने गृहमन्त्री लेखकको भनाइ थियो। निर्माण व्यवसायी सङ्घ मकवानपुरको आयोजनामा हेटौँडा-१०, टिसिएन चौरमा सुरु भएको मेला यही फागुन १८ गतेसम्म सञ्चालन हुनेछ।

मेलामा करिब तीन सय स्टल रहेका छन् । मेलामा नवीनतम निर्माण उपकरण तथा सामग्री,स्थानीय तथा राष्ट्रिय कम्पनीका साथै बहुराष्ट्रिय कम्पनीका औद्योगिक उत्पादन, सूचना प्रविधि तथा कृषि उत्पादन, घरेलु तथा हस्तकला सामग्री, महिला उद्यमीद्वारा उत्पादित सामग्री बिक्री-वितरणका लागि राखिएका छन्।

महोत्सवमास्थानीयतथाराष्ट्रिय कलाकारद्वारा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, घरजग्गा, अटो, खाना तथा वस्तु र सेवाको प्रदर्शनी एवं बिक्रीलगायत कार्यक्रम रहेका छन्।रासस

# क्रान्तिको मूल मर्म प्रजातान्त्रिक शासन व्यवस्था: प्रमुख सचेतक पाण्डे



काठमाण्डु।सामन्तीव्यवस्थाको मूल जरा २००७ सालको क्रान्तिले छिनाल्यो । जहानियाँ राणाशासनविरुद्धको क्रान्तिको मूल-मर्म प्रजातान्त्रिक शासन व्यवस्था र राष्ट्रिय स्वाधीनताको मुद्दा थियो। नेपाली जनताको त्यो उद्देश्य पूर्णरुपमा कार्यान्वयनमा ल्याउने प्रयास अहिलेसम्म पनि निरन्तर छ । विसं १९९७ बाटै सुरु भएको विद्रोहलाई व्यवस्थित गर्न तथा आमजनताका जनजीवनमा समृद्धि र परिवर्तन ल्याउने कार्यभार अझै बाँकी छ। हाम्रा अग्रजले भनेअनुसार राणाकालमा अन्याय, अत्याचार र सामन्ती थिचोमिचोको संस्कार थियो । त्यतिबेला सबै नेपाली जनता र मुक्ति सेनाले क्रान्तिका माध्यमद्वारा निरङ्कुश शासनलाई अन्त्य गरिदिए।

यस घडीमा प्रजातन्त्रको पक्षमा जीवन उत्सर्ग गर्ने महान् सहिदहरुप्रति सम्मान र आन्दोलनको नेतृत्व गर्ने सबैप्रति सम्मान व्यक्त गर्न चाहन्छु।

वास्तवमा जनताले हतियार नउठाई क्रान्ति वा आन्दोलनलाई एउटा उचाइमा पु-याउन कठिन हुँदोरहेछ भन्ने कुरा २०५२ सालको फागुनमा सुरु गरिएको जनयुद्धले समेत स्पष्ट गरेको छ। प्रजातन्त्र, लोकतन्त्रको यात्रा गर्दै अहिले हामी गणतन्त्रसम्म आइपुगेका छौँ । सामान्ती शोषणका मूल रुपलाई अन्त्य गर्ने सिलसिलामा नेपालको संविधानमा समानुपातिक एवं समावेशीको मर्म र भावना व्यक्त गरिएको छ। यद्यपि, अझै पनि समाजमा सामन्ती शोषणका अवशेष बाँकी छन् । २००७ सालको परिवर्तनलाई सम्झँदा छुवाछूतलगायतका विभेद अन्त्य गर्न अभिप्रेरणा समेत दिएको छ।


जहाँसम्म राससको विषय छ, राससले कार्यक्रम नै बनाएर राजनीतिक दलसँग नियमित अन्तरक्रिया गर्नुपर्छ।

राससलाई सातै प्रदेश सरकार र सात सय ५३ वटै पालिका सरकारसँग जोड्ने कार्यक्रम बनाओस् । तथ्यमा आधारित भएर बोल्नुपर्ने हुँदा हामीले उठाएको 'एजेन्डा' के-कति रुपमा कार्यान्वयन भए त्यसको राससलगायतका सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरोस्। राससले आफना् पुराना महत्त्वपूर्ण दस्तावेजको 'अर्काइभ' गर्ने विषयलाई प्राथमिकतामा राखोस्। विद्युतीयपुस्तकालय(ई-लाइब्रेरी) निर्माणमा ध्यान पु-याओस् । सदनमा सरकारले आफूले राम्रो काम गरिरहेको दाबी र प्रतिपक्षले जनताका आवाज उठाइरहेको भनिरहेका हुन्छन्।

सदनमा उठ्ने त्यस्ता राजनीतिक विषयको उठान राससले कसरी गर्छ भन्ने महत्त्वपूर्ण पक्ष हो । सरकार र दल विशेष नभई राससले राज्य भएर प्रस्तुत हुनुपर्छ।

संस्थाका जनशक्तिलाई तालिम/प्रशिक्षणमार्फत काबिल तुल्याउने काम गरोस् । त्यसका लागि आवश्यक साधन-स्रोत उपलब्ध गराउने विषयमा हामी आवाज उठाउँछौँ। रासस

# केआइआइटीमा अध्ययनरत विद्यार्थीको सुरक्षाको माग



काठमाण्डु । भारतको ओडिसा राज्यस्थित कलिंगा इन्स्टिच्युट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको मृत्युका सम्बन्धमा आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउने वातावरण निर्माण गर्न सांसदहरुले माग गर्नुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्दै सांसदहरुले विश्वविद्यालयमा अध्ययनरत बुटवलकी छात्रा लम्सालको रहस्यमय मृत्युपछि असन्तुष्टि जनाएका विद्यार्थीमाथि दमन भएकाले आवश्यक सुरक्षाको प्रबन्ध गर्नुपर्नेमा जोड दिनुभएको हो ।सांसद बिना लामाले भारतमा नेपाली छात्रा लम्सालको रहस्यमय मृत्युबारे गम्भिरतापपूर्वक अध्ययन गरी कुटनीतिक पहल अगाडि बढाउन सरकारसँग माग गर्नुभयो।

उहाँले नेपाली विद्यार्थी माथि भएको बल प्रयोगका सम्बन्धमा समेत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद शान्ति विकले पनि यो मृत्यु प्रकरणको सत्यतथ्य छानबिन गराउनका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ। उहाँले बाँकी अध्ययनरत विद्यार्थीको सुरक्षामा सरकारले गम्भीर हुनुपर्नेमा जोड दिनुभयो। त्यसै गरी सांसद शेरबहादुर कुँवरले लम्सालको रहस्यमय मृत्यु प्रकरणको घटनाले विद्यार्थी माथि भएको अत्याचार नरोकिएकाले भन्दै उनीहरुको सुरक्षाको माग गर्नुभयो।

"त्यहाँ पढ्ने विद्यार्थीको मोबाइल खोसिएको छ । विद्यार्थीलाई अलपत्र पारिएको छ। उनीहरुको सुरक्षित वातावरणका लागि कूटनीतिक पहलमा ढिलाइ नगरियोस्," उहाँले भन्नुभयो।

सांसद शिशिर खनालले पनि नेपाली छात्राको मृत्युपछि त्यहाँको विद्यार्थीलाई सहज ढङ्गले न्याय प्राप्त गर्ने वातावरण बनाउन माग गर्नुभयो।

> सांसद शान्ति विकले पनि यो मृत्यु प्रकरणको सत्यतथ्य छानबिन गराउनका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सांसद शान्ति श्रेष्ठले नेपालको कानुनअनुसार बर्जित बालविवाह भइरहेकाले त्यसलाई रोक्न पहल गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद बिराजभक्त श्रेष्ठले सङ्घीयता कार्यन्वयनका लागि आवश्यक ऐनहरु समयमा बनाउनुपर्नेमा जोड दिनुभयो ।सांसद सीताकुमारी राना, सीता मिजार, सुदन किँराती, सुशिला सिर्पाली ठकुरी, ज्ञानु बस्नेत सुवेदी, सम्झना थपलिया, सरस्वती सुब्बाले नेपाली छात्राको निधनको घटनाप्रति आवश्यक छानबिन गर्न ध्यानाकर्षण गराउनुभयो।

सांसद शिव नेपालीले पोखरामा जलन उपचारको सुविधाका लागि आवश्यक व्यवस्था गर्न माग गर्नुभयो।

सांसद शोभा ज्ञवालीले भ्रमपूर्ण सूचना फैलाउनेहरुलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभयो।सांसद सृजना राजभण्डारीले पछिल्ला दिनमा विद्यार्थी बोकेका सवारी दुर्घटना बढिरहेकाले दुर्घटना न्यूनीकरण गर्न माग गर्नुभयो।

सांसद हितराज पाण्डेले बन्दीपुर गाउँपालिका-६ का वडाध्यक्ष बलबहादुर गुरुङले वडासचिव नवीन भुसालमाथि गरेको आक्रमणको घटनाप्रति विरोध जनाउँदै कर्मचारीको आवश्यक सुरक्षाको माग गर्नुभयो।

सांसद सराज अहमद फारुकी, सांसद सरिता भुसाल, शान्ती चौधरी, सुनिता बराल, सुहाङ नेम्वाङ, सूर्यकुमारी श्रेष्ठ, सूर्यमान तामाङ (दोङ), सोभिता गौतम, संगिता मण्डल धानुक, हेमराज राई, ज्ञानेन्द्रबहादुर कार्की, सुशिला श्रीपाली ठकुरीले राष्ट्रिय तथा स्थानीय विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसैगरी प्रतिनिधिसभाको विशेष समयमा आफ्नो धारणा राख्दै सांसद श्याम घिमिरेले छात्राको निधनका सम्बनधमा सरकारले देखाएको तदारुकताका सम्बन्धमा धन्यवाद दिँदै थप राहतका लागि पहल गर्न आग्रह गर्नुभयो।

उहाँले सरकारले पछिल्लो पटक ल्याएको अध्यादेशका सम्बन्धमा अनावश्यक व्याख्या र प्रचार गरिएकाले त्यसो नगर्न अनुरोध गर्नुभयो। सांसद घिमिरेले सरकारले संसद छल्न नसकेको समेत उल्लेख गर्नुभयो।

समाजमा रहेको विकृति र विद्वेषलाई हटाउनेतर्फ प्रभावकारी रुपमा कदम चाल्न उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद घिमिरेले विपी राजमार्ग पुनःनिर्माणमा भइरहेको ढिलाइप्रतिआपत्तिप्रकटगर्दैतत्काल निर्माण गर्न र आम नागरिकलाई जानकारी गराउन माग गर्नुभयो। नेकपा (माओवादी केन्द्र)का सांसद शक्तिबहादुर बस्नेतले प्रमुख प्रतिपक्षीलगायतका दलले उठाएका विषयलाई गम्भीरतापूर्वक लिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा बोल्दै उहाँले विपक्षीले उठाएका विषयलाई सम्बोधन गर्न छाडेर खिसीट्यूरी गर्ने र पहिले किन नगरेको भनेर प्रश्नमाथि प्रतिप्रश्न गर्ने प्रवृत्ति गलत भएको बताउनुभयो ।प्रधानमन्त्री, सरकार र मन्त्रीहरुमाथि उठेका प्रश्न र आम नागरिकले उठाएका जिज्ञासाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउने प्रतिपक्षीको जिम्मेवारी, भूमिकालाई सम्मान गर्न र सामान्य संसदीय मर्यादालाई ख्याल गर्न आग्रह गर्नुभयो।

उहाँले चालु आर्थिक वर्षको बजेटमा समावेश गरिएका योजना, बजेटलाई आफूखुसी रकमान्तर गरिएकाप्रति पनि सांसद बस्नेतले आपत्ति प्रकट गर्नुभयो । अघिल्लो सरकारले जाजरकोट भूकम्प पीडितलाई आवास निर्माणका लागि रु पाँच लाख उपलब्ध गराउने निर्णय गरेको भएपनि वर्तमान सरकारले त्यसलाई घटाइदिएको आरोप लगाउनुभयो।रासस

# नवौँ निर्वाचन दिवस मनाइँदै

काठमाण्डु । नेपालमा आमनिर्वाचन प्रारम्भ भई बालिग नेपालीले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्त्वपूर्ण दिनको सम्झनामा बुधबार नवौँ निर्वाचन दिवस मनाइँदैछ। मुलुकमा प्रजातन्त्र स्थापनाको आठ वर्षपछि विसं २०१५ फागुन ७ गते आमनिर्वाचन भएको थियो।

संवैधानिक अङ्गका रूपमा रहेको निर्वाचन आयोगले स्थानीय तहदेखि राष्ट्रपतिसम्मको निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्षरूपमा गराउँदै आएको छ। आयोगले वर्तमान संविधान जारी भएपछि दुई पटक प्रतिनिधिसभा तथा प्रदेशसभा र स्थानीय तहको आवधिक निर्वाचन, तीन पटक राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रियसभा सदस्यको विभिन्न निर्वाचन र उपनिर्वाचन सम्पन्न गरिसकेको छ।

उक्त निर्वाचनमार्फत् जनप्रतिनिधि निर्वाचित भई जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक सङ्घीय शासन प्रणालीको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह भइरहेको छ।

इतिहासका सबै कालखण्ड र राजनीतिक परिवर्तनका हरेक नयाँ उपलब्धिमा मुलुकले अङ्गीकार गरेको शासन व्यवस्था र निर्वाचन प्रणालीलाई संविधान र कानुन बमोजिम निर्वाचनको माध्यमबाट वैधानिकता प्रदान गर्ने संवैधानिक दायित्व पूरा गर्दै आइरहेको छ।

यसवर्ष 'निर्वाचनको प्रभावकारिता : आमनागरिकको सहभागिता' भन्ने मूल नाराका साथ आयोगले बुधबार कान्तिपथस्थित आयोग परिसरमा मूल समारोह आयोजना गर्दै छ। दिवसका अवसरमा शुभकामना दिँदै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संवैधानिक एवम् कानुनी दायित्व पूरा गर्न आयोग थप क्रियाशील हुनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

प्रमुख आयुक्त थपलियाले असल अन्तर्राष्ट्रिय अभ्यासको समेत अनुशरण गर्दै नेपालको वर्तमान निर्वाचन प्रणाली र प्रक्रियालाई थप प्रभावकारी बनाउन कृत सङ्कल्पित रहेको स्पष्ट पार्नुभएको छ। उहाँले भन्नुभयो, "चौथो पञ्चवर्षीय रणनीतिक योजना, निर्वाचनमा नागरिक संलग्नता नीति, निर्वाचन व्यवस्थापनका लागि सञ्चार नीति, निर्वाचन तथा मतदाता शिक्षा नीति एवं स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधिबमोजिम आयोग आगामी दिनमा अघि बढ्नेछ।"

प्रमुख आयुक्त थपलियाले निर्वाचन सम्पन्न गराउन राजनीतिक नेतृत्व, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, गैरसरकारी एवं निजी क्षेत्र, नेपालस्थित कूटनीतिक नियोग, पर्यवेक्षकलगायत निर्वाचनका क्षेत्रमा क्रियाशील निकाय एवं व्यक्ति, सञ्चार जगत र आम नागरिकप्रति कृतज्ञता ज्ञापन गर्नुभएको छ।

आयोगले निर्वाचनमा आम नागरिकको सहभागिता अभिवृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा मतदाताको घर आँगनसम्म नै निर्वाचन तथा मतदाता शिक्षाका कार्यलाई सघन र प्रभावकारी बनाउँदै लैजाने जनाएको छ । सरोकारवालाबाट प्राप्त सहयोग, शुभेच्छा र सद्भावले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन व्यवस्थापन गर्ने आयोगको संवैधानिक जिम्मेवारी अझै सशक्त, व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा निर्वाह गर्न हौसला र प्रेरणा प्राप्त भएको आयोगको भनाइ छ।रासस

## छब्बिस आयोजना पुनः
# निर्माण गर्न १९ अर्बको स्रोत सहमति




काठमाण्डु। गत असोज दोस्रो साता आएको बाढी पहिरोबाट क्षति भएका सडक तथा पुल गरी २६ आयोजना पुनःनिर्माणका लागि अर्थ मन्त्रालयले रू १८ अर्ब ८८ करोड बराबरको सहमति प्रदान गरेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट फागुन ४ गते माग भइ आएकोमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मंगलबार आयोजना पुनःनिर्माणका लागि स्रोत सहमति प्रदान गर्ने निर्णय गर्नुभएको हो ।अर्थ मन्त्रालयका अनुसार स्रोत सहमति भएका आयोजनामा १३ सडक र १३ पुल पुनःनिर्माणसँग सम्बन्धित आयोजना छन्। सडक पुनःनिर्माणमा बिपी राजमार्ग, मेची राजमार्ग, अरनिको राजमार्ग, कान्ति राजमार्गलगायत छन्।

त्यसैगरी अर्थ मन्त्रालयले जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाको पुनःनिर्माण अघि बढाउन अस्थायी कार्यालय स्थापनाका साथै दरबन्दी सृजना गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सहमति प्रदान गरेको छ।रासस


## राजर्षि जनक विश्वविद्यालय
### केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्र
### जनकपुरधाम, नेपाल


**सूचना ! सूचना !! सूचना !!!**

यस राजर्षि जनक विश्वविद्यालय, जनकपुरधामबाट देहायका शैक्षिक कार्यक्रमका तहमा उत्तिर्ण भएका विद्यार्थीहरुलाई २०८१ चैत्र महिनामा दीक्षान्त समारोह-२०८१ हुने भएकोले दीक्षित हुने विद्यार्थीहरुलाई दीक्षान्त पदक एवं पुरस्कार वितरण गर्नु परेकोले इच्छुक संघ, संस्था, व्यक्तिहरुबाट आ-आफ्नो नाउँबाट दीक्षान्त पदक एवं पुरस्कार वितरण गर्न चाहेमा मिति २०८१ फाल्गुण मसान्त सम्ममा यस रा.ज.वि जनकपुरधाममा सम्पर्क गरी शैक्षिक उन्नयनमा सहभागी हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शैक्षिक कार्यक्रमहरुः**

1. MBA
2. BBA
3. B.Sc. CSIT
4. BCA
5. B.Sc.MLT
6. BPH

**नियन्त्रक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# जनमतले मधेशको मर्यादा घटाए

मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार भएदेखि मर्यादा विपरीतको कार्य बढेको छ । प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले धनुषा जिल्लामा अवैधरुपमा भइरहेको नदीजन्य पदार्थको उत्खनन रोक्न र जनकपुरधाममा अवैध रुपमा सञ्चालित निजी अस्पतालहरुलाई कारबाही गर्न केही दिनदेखि स्वयम् लागेका छन् । उनले गरेका काम अत्यन्त सकारात्मक हो । तर नियत सफा देखिए । अवैध उत्खनन रोक्न नदीमा पुगेका मुख्यमन्त्री सिंहका सहयोगीहरुले जनकपुरधाममा क्रसर व्यवसायीहरुसित सेटिंग मिलाउने कार्यले मर्यादा घटाउँदै भनै बदनामी बढाएको छ । मधेश प्रदेशको सबै जिल्लामा अवैध रुपमा निजी अस्पताल सञ्चालनमा छन् । अवैध रुपमा सञ्चालित अस्पतालको संख्या दर्जनौं रहेको छ । अवैध अस्पतालमा अवैध कार्यहरु हुने गरेको सबैले बुझेका छन् । त्यसलाई कारबाही गरी कानुनको दायरामा ल्याउन आवश्यक छ । मुख्यमन्त्री सिंहले शुरु गरेको निरीक्षण सकारात्मक हो । तर पवित्र उदेश्यले निरीक्षण भइरहेको छैन । अवैध धन्धाबाट अवैध असुली गर्ने मुख्यमन्त्री सिंहको कार्यले सस्तो लोकप्रियताबाट मोटो आम्दानी गर्ने लक्ष्य लिएको देखिन्छ । अस्पतालको निरीक्षण र कारबाही गर्दा कानुनी प्रकृया पुर्‍याउन आवश्यक छ । मुख्यमन्त्रीले प्रदेशको सबै क्षेत्रमा हात हाल्न पाउँछन् । तर अस्पताललाई कारबाही गर्न स्वास्थ्य मन्त्रालय नै अगाडि बढ्नु पर्छ । कानुनी रुपमा कारबाही गर्न सक्ने निकायहरुसित समन्वय गरी मुख्यमन्त्रीले प्रदेशभरिकै अवैध अस्पताललाई कारबाहीको दायरामा ल्याउन सक्नु पर्छ । नदीजन्य पदार्थको अवैध उत्खनन विरुद्ध मुख्यमन्त्रीले कारबाही गर्दा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालयसित अनिवार्य समन्वय गर्नुपर्छ । तर उनी केही प्रहरीलाई लिएर नदीमा पुग्छन् । उनका सहयोगीहरु जनकपुरधाममा बसेर सेटिंग गर्छन् । त्यसले मुख्यमन्त्री निजी आम्दानी गर्ने बाहेक कुनै उपलब्धि हुने छैन । निम्तो बिना मन्त्री र केही सभासदहरुलाई लिएर भारतको अयोध्यामा जाँदा प्रदेशको अपमान भएकोलाई समेत उनले बेवास्ता गरेका छन् । मुख्यमन्त्री व्यक्ति होइन । मुख्यमन्त्री अत्यन्त मर्यादित जननिर्वाचित संस्था हो । त्यसको गरिमालाई कायम राख्नु पनि उपलब्धि हो । तर जनमत पार्टी नेतृत्वको सरकारले त्यो मर्यादालाई कायम राख्न सकेन । हुन त जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउत, सांसदहरु पनि कयौं विवादमा मुछिएका छन् । मधेश प्रदेशको गौरवको योजनामा परेको मधेश कृषि विश्वविद्यालयलाई व्यक्तिगत रिसिइवीले बन्द गराउने प्रदेश सरकारको नेतृत्व गर्ने जनमत पार्टी र मुख्यमन्त्री सतीशकुमार सिंहले निकृष्ट कार्य गरेको छ । मुख्यमन्त्रीले पदीय मर्यादा कायम राख्न सक्नु पर्छ । झण्डै ९ महिना हुन लागेको प्रदेश सरकारले जनहितमा गरेको एउटै काम छैन । टेण्डरबाट मात्र विकास निर्माण कार्य हुने प्रदेश सरकारले पारित गरेको नीति तथा कार्यक्रम र बजेट विपरीत कमिसनमुखी काममा लागेका मुख्यमन्त्रीले मर्यादाको पालना गर्न आवश्यक छ ।

## डोनाल्ड ट्रम्पको नयाँ अवतार र शक्ति सम्राट मोदी

# ‘मोदी–ट्रम्प’ सुपरपावर जुगलबंदी



अनिल तिवारी

डोनाल्ड ट्रम्प २०२४ को ऐतिहासिक राष्ट्रपति निर्वाचन जितसँगै ‘अमेरिका-इन्डिया’सहकार्यको एक नयाँयुग सुरु भएको छ । ‘मोदी- ट्रम्प’ बिचको मित्रतालाई वैश्वीक समाजमा महाशक्ति जुगलबंदीको नामाकरण गर्नथालिएको छ।अर्थात इन्डिया र अमेरिक बिचको सहकार्यले साझा चासोलाई सम्बोधन गर्ने अपेक्षासँगै द्विपक्षीय सम्बन्ध विश्वमञ्चमा अझ मजबुत भएरजाने उच्च सम्भावना बढन थालेका छन ।

२०औं शताब्दीको सुरु देखि भारत र अमेरिका बीचको सम्बन्ध महत्वपूर्ण बिषयमा प्रगाढ बन्दै गएका छन । जसले द्विपक्षीय सम्बन्धलाई आपसी फाइदाको लागि प्रोत्साहित गरेको छ । सहकार्यको बलियो समर्थन दुबै देशका शत्ताधारी पार्टीहरूले दिएका छन् । जसले सम्बन्धलाई थप सुदृढ गर्न विभिन्न रणनीतिक र उच्चप्राविधिक सहकार्य सम्झौतामा हस्ताक्षर गर्न प्रेरित गरेको छ ।

भारतीय प्रधानमन्त्री मोदीको यस पटकको ह्वाइट हाउसको भ्रमणमा राष्ट्रपति ट्रम्पले मोदी प्रति देखाएको प्रेम र आत्मीयतालाई भारत-अमेरिका सम्बन्धलाई अझ उचाइमा पुर्‍याउने नयाँ प्रतिबद्धताको पृष्ठभूमि भएको हो । ट्रम्पको दोस्रो राष्ट्रपतीय कार्यकालको प्रारम्भिक महिनामा प्रधानमन्त्री मोदीलाई दिइएको निमन्त्रणाले अर्थतन्त्र, व्यापार, रक्षा, अन्तरिक्ष, आणविक ऊर्जा, साइबर सुरक्षा, उन्नत प्रविधि, र दुर्लभ खनिज आदि जस्ता विभिन्न क्षेत्रहरूमा गहिरो सहयोगलाई बढावा दिन, यो बैठकको महत्त्वलाई जोड दिएको नै छ ।

मोदी-ट्रम्प सौहार्द

प्रधानमन्त्री मोदी र राष्ट्रपति ट्रम्प बीचको व्यक्तिगत सम्बन्धले अझ बलियो साझेदारीको लागि आधार निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । प्रधानमन्त्री मोदीले आफ्नो भ्रमणले भारत र संयुक्त राज्य अमेरिकाबीचको मित्रतालाई थप मजबुत बनाउँदै विभिन्न क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने आशा व्यक्त गर्नुभएको छ ।

यस भ्रमणले विद्यमान सम्बन्धलाई सुदृढ पार्ने मात्र नभई सहयोगका लागि नयाँ बाटोहरू खोज्न, अन्तत : दुई राष्ट्रहरू बीचको अधिक रणनीतिक र बहुआयामिक सम्बन्धमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

भारत-अमेरिका रणनीतिक पङ्क्तिबद्धता

द्रुत रूपमा विकसित हुँदै गइरहेको भूराजनीतिक परिदृश्यमा, शीतयुद्धको अन्त्य भएको एक दशक पछि यस शताब्दीको प्रारम्भमा दुई विश्वव्यापी शक्तिहरूको महत्वपूर्ण अभिसरणले रणनीतिक पुनर्संरचनाको नयाँ चरणको सुरुवात गरेको छ ।

आफ्नो प्रतिद्वन्द्वी भारतले जापान र अष्ट्रेलियासँग मिलेर चतुर्भुज सुरक्षा संवादको गठनमा परिणत गर्दै अमेरिकासँग घनिष्ठ सम्बन्ध गाँसेपछि चीनले अब आफैंलाई जटिल समस्यामा पारेको छ ।

भारतको आणविक क्षमताले आफ्नो रणनीतिक शक्तिलाई बढाएको छ । अमेरिकाले नागरिक आणविक सहयोग सम्झौता मार्फत भारतलाई थप बलियो बनाएको छ । चार राष्ट्रको गठबन्धनलाई चीनले खडा गरेको चुनौतीहरूको एक शक्तिशाली काउन्टरको रूपमा स्थान दिएको छ ।

फेब्रुअरी २०२० मा राष्ट्रपति ट्रम्पको भारत भ्रमणको क्रममा भारत र संयुक्त राज्य अमेरिका बीचको रणनीतिक साझेदारीलाई विश्वव्यापी व्यापक रणनीतिक साझेदारीमा उच्चालिएको थियो, र दुवै देशसँग अब यो सम्बन्धलाई अझ गहिरो बनाउने महत्वाकांक्षी एजेन्डाहरु अगाडि बढदै गएका छन् ।

दक्षिण चीन सागर देखि लद्दाखको पहाडी इलाकासम्मका विभिन्न क्षेत्रहरूमा चीनको दृढतापूर्ण कार्यहरूको प्रकाशमा, भारतले बलियो रणनीतिक सहयोगीको आवश्यकतालाई स्वीकार गर्दछ ।

ठिक समयमा, संयुक्त राज्यले अमेरिकाको लागी विश्वव्यापी प्रभाव र शक्तिसम्प्रभूताको लागि खतराको रूपमा मानिएको चीन माथिको निर्भरता कम गर्न वैकल्पिक आपूर्ति श्रृंखला स्थापना गर्ने प्रयासमा भारतलाई महत्वपूर्ण साझेदारको रूपमा सहकार्य गर्दै अगाडि बढेको छ ।

सहयोग र सहकार्यको पारस्परिक मित्रता आपसी आवश्यकताले समकालीन भूराजनीतिक चुनौतीहरूलाई सम्बोधन गर्न दुबै शक्ति मुलुकलाई महत्वलाई जोड दिन्छ ।

### भारत-अमेरिका रक्षा साझेदारी

भारत र संयुक्त राज्य अमेरिका बीचको रक्षा सम्बन्धलाई रणनीतिक साझेदारीको आधारशिलाको रूपमा मानिन्छ । जुन सबै अमेरिकी सहयोगीहरूमध्ये सबैभन्दा बलियो रूपमा खडा छ ।

विगतका दशकहरूमा, अमेरिकाले भारतलाई २५ अर्ब डलरभन्दा बढी मूल्यको उन्नत रक्षा उपकरण हस्तान्तरण गरेको छ । जसमा अपाचे जस्ता आधुनिक लडाकु हेलिकप्टर, चिनुक जस्ता हेवी-लिफ्ट हेलिकप्टर र सी गार्डियन जस्ता मानवरहित ड्रोनहरू समावेश छन् ।



अत्याधुनिक सैन्य प्रविधिको यो हस्तान्तरणले भारतलाई चीनसँगको भूमि सीमानाका चुनौतीहरूलाई सम्बोधन गर्न सशक्त र दरिलो बनाएको छ । मुख्यतया क्रेता-विक्रेता ढाँचामा काम गरेको रक्षा सहयोग अब स्ट्राइकर भेहिकल र जेभलिन एन्टी-ट्याङ्क मिसाइलहरू सहित हतियार प्रणालीको संयुक्त उत्पादनमा विकसित हुन तयार छ । मोदी-ट्रम्प छलफलले यस सहयोगी प्रयासमा नयाँ प्रगतिको लागि मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री मोदीको भ्रमणका क्रममा भारत र संयुक्त राज्य अमेरिकाबीच रक्षा र सुरक्षा क्षेत्रमा सहयोगात्मक सम्बन्ध थप सुदृढ हुने र चीन-भारत सीमामा भारतको सैन्य क्षमतालाई सुदृढ गर्ने अपेक्षा गरिएको छ ।

### डोनाल्ड ट्रम्पको नयाँ अवतार

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको प्राथमिकताहरू परिणत गर्दैछन । यस्तो अवस्थामा पनि, वरपरका देशहरूले अमेरिकासंगको सम्बन्धलाई नयाँ ढाँचाबाट अगाडि बढाउनु पदर्छ । मोदीमो अमेरिका भ्रमणका समयमा पुरै वैश्वीक समाजको आँखा अमेरिकामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको केन्द्रित हुनु स्वभाविक नै हो । दुई नेताहरुको कुराकानीमा, धेरै जटिल मुद्दाहरूको समाधान हुने अपेक्षा गरिएको छ भने, अर्को चार बर्षको लागि द्विपक्षीय सम्बन्ध अझ प्रगाढ हुने बताइन्छ ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति ट्रम्प बीचको बैठकमा उठेका कुटनैतिकबारे देखिएका मोदीको व्यक्तिगत इन्द्रियता र मोदी प्रति ट्रम्पको स्नेह जस्ता बिषयहरु वैश्विक सम्बाद पटलमा ठुलो चर्चा पाएको छ । ह्वाइट हाउसमा प्रधानमन्त्री मोदीलाई न्यानो स्वागत गर्दै उनले कुर्सिमा आसन गराएको दृश्यले सबैलाई मुर्छित तुल्याएको छ ।

ट्रम्पको व्यक्तित्व र दुइ ठुला शक्तिशाली मुलुक बिचका सम्बन्ध समीकरणलाई राम्रोसँग राख्नको लागि धेरै महत्त्वपूर्ण भूमिका खेलनु पर्ने हन्छ । प्रधानमन्त्रीलाई मोदीलाई एक मित्र भनेर सम्बोधन गर्दै, मोदी पनि सख्त र आफ्नो मुलुकको लागी कुशल डिल गर्ने व्यक्तित्व हुनु हन्छ वर्णन गर्नु ठुलो कुरा है । प्रधानमन्त्री मोदीले ट्रम्पको दृष्टि बिचको समानता देखाउँदै आउनु भएको छ ।

आउँदो दिनमा, समयमै सम्भावित अवरोधहरू हटाउनका लागि दुई राष्ट्रबीचको व्यापार बढ्ने प्रयत्न गरिनेछ । तेल र ग्यासको बिक्रीले भारतको ऊर्जा सुरक्षा सुनिश्चित गर्नेछ, हाइड्रोकोरिन खरीदमा विविधीकरण बढ्नेछ र केही पक्षहरूमा निर्भरता कम हुनेछ । यसैगरी कृत्रिम बौद्धिक जस्ता दुई पक्ष बीचको सहयोगसंगै विश्वव्यापी प्रणालीलाई पनि लाभ हुने अवधारणा अगाडि वढाइएको छ ।

ट्रम्प भारतका लागि तनाव कम गर्न प्रतिबद्ध छन, किनकि बाइडेन प्रशासनले रसियामा लगाएका धेरै प्रतिबन्धले भारतलाई सकस बढाएको थियो ।

ट्रम्पको दोस्रो कार्यकालसँग सम्बन्धित अन्तरष्ट्रिय नीतिहरूमा देखिएको अनिश्चितता पनि फैलिएको छ । अमेरिका गठबन्धन र साझेदार मुलुकका लागि ट्रम्पको दृष्टिकोण पूर्ववर्ती बाइडेनको भन्दा भिन्न हुने अपेक्षा गरिएको छ । यद्यपि, भारत-अमेरिका सम्बन्धको सन्दर्भमा, अधिकांश क्षेत्रहरूमा बाइडेनको कार्यकालमा प्राप्त गतिलाई ट्रम्पले पूँजीकरण गर्ने सम्भावना छ ।

भारत-अमेरिका सम्बन्ध रक्षा, व्यापार, प्रविधि र भूराजनीति जस्ता क्षेत्रहरूमा साझा राजनीतिक प्रणाली र आपसी हितहरूद्वारा निर्मित छ । बाइडेन सरकारले बढाएको वैश्विक कार्यदिशा अन्तर्गत, अमेरिका, भारत, जापान र अष्ट्रेलिया मिलेर बनेको क्वाडले आधार प्राप्त ग़र्यो, र सेप्टेम्बर २०२४ मा, वल्मिङ्टन घोषणा जारी गर्यो ।

सन् २०१७ मा ट्रम्पको नेतृत्वमा नवीकरण भएपछि कार्य-समूह आदानप्रदानको माध्यमबाट पनि त्रिपक्षीय सहयोग सुदृढ भएको थियो

अमेरिकाको रणनीतिक साझेदारको रूपमा, भारतले साझेदारी र स्वायत्तताको बिचमा एक अद्वितीय स्थान ओगटेको छ । विशेष गरी विश्वव्यापी मञ्चमा भारतको तटस्थ दृष्टिकोण र सहयोगी तथा विरोधीहरूप्रति अमेरिकाको समान दृष्टिकोणलाई ध्यानमा राख्दै, मोदी सरकारले दुइ देश बिचको भित्रतालाई कायब राखेको छ । ट्रम्पको पहिलो कार्यकालमा अमेरिका-भारत सम्बन्धलाई बलियो रक्षा साझेदारी, सतर्क व्यापार वार्ता र इन्डो-प्यासिफिकमा चीनलाई सन्तुलनमा राख्ने साझा रणनीतिक चासोले परिभाषित गरेको थियो ।

ट्रम्पको दोश्रो अवतारले यो प्रक्षेपवक्र जारी रहने र ठूलो परिवर्तन बिना उनीहरूको सम्बन्धलाई अगाडि बढाउने सम्भावना छ । ट्रम्पको दोश्रो अवतरण पछि विदेश सचिव र राष्ट्रिय सुरक्षा सल्लाहकार जस्ता प्रमुख पदहरूमा नया पदाधिकारीहरुलाई मनोनयन गरेको छ, जसले भारत समर्थक र चीन विरोधी झुकाव प्रदर्शन गरेका छन् ।

ट्रम्पको दोश्रो चुनाव बिजय पछि अमेरिकाले व्यापार, कर, र इन्डो-प्यासिफिकमा भारतको बोझ साझेदारीको भूमिकाको भू-आर्थिक मुद्दाहरूमा आफूलाई पुनः स्थापित गर्ने प्रयास आगडि बढाएको देखिन्छ । बहुपक्षीय मञ्चहरूमा भारतको बढ्दो प्रभाव, साथै ट्रम्पको चीन विरोधी, अप्रवासी विरोधी दृष्टिकोण र भारत प्रति आशावादी देखिने टोलीले आगामी चार वर्षमा द्विपक्षीय सम्बन्धका लागि स्तरित तर आशावादी भविष्यका लागि मञ्च तयार पर्ने निश्चित छ ।


यद्यपि, ट्रम्प प्रशासनले क्षेत्रीय सुरक्षा, मानवीय र विपद् राहत (एचएडीआर) उपक्रमहरू र क्षमता निर्माण जस्ता क्षेत्रहरूमा भारतलाई इन्डो-प्यासिफिकमा ठूलो जिम्मेवारी लिन माग गर्ने सम्भावना छ । ट्रम्पको सम्भावित रूपमा अधिक अस्थिर खाडी क्षेत्र विरासतमा पाउँदा, भारतको इन्डो-प्यासिफिक दृष्टिकोणको एक महत्वपूर्ण भाग मध्य पूर्वमा चलिरहेको द्वन्द्वमा निर्भर छ । यदि ट्रम्प प्रशासनले यस क्षेत्रमा चलिरहेको द्वन्द्व अन्त्य गर्न वार्ता गर्न सक्छ भने भारत-प्रशान्त क्षेत्रमा भारत-अमेरिका संयुक्त दृष्टिकोण विस्तार हुन सक्छ । ट्रम्पको अनुमानित स्थितिको सम्भावित फाइदा यो हो कि भारतले अमेरिका-चीन आर्थिक प्रतिस्पर्धाबाट आपूर्ति-श्रृ‌ लाको विचलनबाट फाइदा लिन सक्छ, जुन ट्रम्पको दोस्रो कार्यकालमा तीव्र हुन सक्छ ।

### द्विदलीय विरासत

भारत-अमेरिका साझेदारीले दुवै देशहरूमा लगातार प्रशासनहरूमा द्विदलीय समर्थन प्राप्त गरेको छ । सन् २००० मा राष्ट्रपति बिल क्लिन्टनको भारत भ्रमण पछि यो गठबन्धन स्पष्ट भयो, जसले सम्बन्धहरू पुनर्स्थापित गर्यो र व्यापार तथा प्रविधि सहयोग विस्तार गर्यो । जर्ज डब्लु बुश प्रशासनले सन् २००८ मा ऐतिहासिक अमेरिका-भारत नागरिक आणविक सम्झौताको साथ यसलाई अगाडि बढायो । एक रणनीतिक साझेदारको रूपमा भारतको स्थिति बलियो बनायो र नागरिक आणविक सहयोगलाई सक्षम बनायो । राष्ट्रपति बराक ओबामा (२००९-२०१७) ले यसमा भित्रताको जग निर्माण गरे र आफ्नो कार्यकालमा दुई पटक भारत भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपति बने । ओबामा सरकारमा, भारतलाई सन् २०१६ मा प्रमुख रक्षा साझेदार (एमडिपी) घोषित गरियो, जसले रक्षा व्यापार र प्रविधि हस्तान्तरणलाई सुव्यवस्थित बनायो ।

दुवै देशहरूमा पार्टी लाइनहरूमा द्विपक्षीय सम्बन्धमा माइलस्टोनहरूको समर्थन दिन्छ । ट्रम्प प्रशासनले आफ्नो पहिलो कार्यकाल सहित विगतका प्रशासनहरूले राखेका आधारहरू प्राप्त गर्नेछ ।

# प्रजातन्त्र दिवस, राससको वार्षिकोत्सव र पत्रकारिता



धर्मेन्द्र झा

देश ७५औं प्रजातन्त्र दिवसको उत्सवमय उत्साहको सञ्चारमा छ । २००७ साल फागुन ७ गते अर्थात् ७४ वर्षपहिले नेपालले एकतन्त्रीय जहानियाँ राणा शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको थियो । देशमा हालसम्म जनताका अधिकार सुनिश्चितका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो ।

प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्रलाई नै मानिन्छ । विश्वमा यही मात्र यस्तो शासन शैली हो जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यकताअनुसार परिमार्जन गर्दछ । नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण विन्दु भएको कुरामा दुईमत हुन सक्दैन । वास्तविक अर्थमा नेपाल देश बन्ने प्रक्रियाको प्रारम्भ यहींबाट भयो । शासनका संरचनाहरु बन्न थाले । देशमा पहिलोपटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु भयो । कानुनी शासनको जग बसाउने कार्य थालियो । भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो । शिक्षा र स्वास्थ्य पनि देशका लागि आवश्यक विषय हुन् भन्ने ठानियो ।

नेपालको इतिहासमा फागुन ७ को महत्व प्रजातन्त्र दिवसका सन्दर्भमा मात्र छैन, नेपाली सञ्चार र प्रेसका सन्दर्भमा पनि आजको दिनको खास महत्व छ । लोकतन्त्र अथवा प्रजातन्त्रको एक महत्वपूर्ण आधार प्रेसलाई पनि मानिन्छ । संयोग नै मान्नुपर्छ, प्रजातन्त्र स्थापना भएको एक दशकपछि प्रजातन्त्र दिवसकै दिन पारेर नेपाली प्रेसको विकासका दृष्टिले महत्वपूर्ण मानिने राससको स्थापना भएको थियो । ६३ वर्ष पहिले (विसं २०१८ फागुन ७ गते) राष्ट्रिय समाचार समिति (रासस)को जग राखिएको थियो । निजी स्तरमा सञ्चालनमा रहेका नेपाल संवाद समिति र सगरमाथा संवाद समितिलाई गाभेर सरकारको पहलमा राष्ट्रिय संवाद समिति सञ्चालनमा आएको थियो । यही समिति पछि राष्ट्रिय समाचार समितिका रुपमा परिवर्तित भएको हो । केही हदसम्म गोरखापत्रलाई अपवाद मान्ने हो भने नेपालमा विधिवत् संस्थागत रुपमा पत्रकारिताको औपचारिक प्रस्थानविन्दु राससलाई नै मान्न सकिन्छ । आज रासस आफ्नो ६४औं वार्षिकोत्सव मनाउँदैछ ।

यो लामो कालखण्डमा राससले जनतालाई सुसूचित गर्ने दिशामा अहोरात्र सक्रिय रहँदै काम गरिरहेको छ । आफ्ना सेवामा समयानुकूल स्तरोन्नति र विविधीकरण गर्दै २१औं शताब्दीको रासस आफूलाई विश्वका अन्य देशका समाचार एजेन्सीजस्तै प्रतिस्पर्धी र प्रभावकारी हुन चाहन्छ । आज राससले नेपाली र अङ्ग्रेजी भाषामा समाचार सम्प्रेषणका साथै यी दुवै भाषामा अन्तरराष्ट्रिय समाचार सम्प्रेषण गर्दछ । राससले फोटो, आलेख, विचार, अन्तर्वार्ता, श्रव्यदृश्य सेवा पनि सञ्चालन गर्दै आइरहेको छ । पछिल्लो समय राससबाट मैथिली, अवधी र नेपाल भाषामा समाचार प्रवाह हुन थालेको छभने पाइलट प्रोजेक्टका रुपमा नेपाली भाषाको समाचार सेवालाई २४ घण्टे बनाइएको छ, अर्थात् राससले २४ घण्टा अनवरत समाचार सम्प्रेषण गर्न थालेको छ । मिडिया सङ्ग्रहालय र बुलेटिन कक्ष स्थापना गरी सर्वसाधारणको अध्ययन-अनुसन्धानका लागि खुला गरिएको छ ।

विसं २००७ भन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन अर्थात् शासनको कुनै सिद्धान्त थिएन भन्दा अतिशयोक्ति नहोला । न कुनै कानुन न कानुनी शासन । न अदालत न न्याय । न विकास न मानव अधिकार । यो सबैको कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो । प्रेस संस्थागत नहुँदा शासनको मनपरीतन्त्र थियो । जनताले सूचना पाउन निकै कठिन थियो । सूचनाको अभावमा न शासनको पहुँच जनतासम्म थियो न जनताले नै आफ्ना कुरा शासनसमक्ष पुर्‍याउन सक्ने भरपर्दो माध्यम उपलब्ध थियो । यही कारण हो, स्थापना भएको एक दशकको अवधिसम्म पनि प्रजातन्त्रले संस्थागत हुने अवसर पाएको थिएन ।

यस्तो परिवेशमा राज्यका सूचना जनतासम्म पुग्ने र जनताका आवश्यकताबारे राज्यले जानकारी प्राप्त गर्ने एक संयन्त्रका रुपमा राससको स्थापना भयो । दूरदराजका ठाउँमा रहेर राससका पत्रकारहरुले समाचार सम्प्रेषण गर्न थालेपछि नेपालमा औपचारिक रुपमा सूचना र सञ्चारको जालोको निर्माण हुन थालेको होभन्दा असान्दर्भिक हुँदैन । यो अलग कुरा हो, राससको सञ्चालन कसरी भयो ? कुन विषय र कस्ता सूचनाको निर्माण र सम्प्रेषणलाई प्राथमिकतामा राखियो ? यो संस्थाको लाभ जनतालाई कति र कसरी प्राप्त भयो ? यी विषयमा फरक तरिकाले बहस गर्न सकिन्छ । त्यसमा केही विमति हुन सक्लान् । तर दोस्रो विश्वयुद्धपछि बिस्तारै तङ्ग्रिँदै गरेको तेस्रो विश्वका राष्ट्रहरुका लागि सूचनाको प्राप्ति र प्रयोगका सन्दर्भमा महत्वपूर्ण बहस प्रारम्भ भएको समयमा अस्तित्वमा आएको राससको सैद्धान्तिक धरातललाई निश्चय पनि कमजोर मान्न सकिन्न ।

अहिले अवस्थामा परिवर्तन आएको छ । अब देशमा राज्य वा सरकार नियन्त्रित सञ्चारमाध्यम मात्र नभएर निजी क्षेत्रका मिडियाको प्रभावकारी उपस्थिति छ । पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ । माथि चर्चा गरिएअनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ । पछिल्लो पुस्ताको लोकतन्त्रले सुशासनको अवधारणासँगै मानव अधिकार, सङ्घीयता, समावेशी र पहिचान, आवधिक निर्वाचन, सामाजिक न्याय र स्वतन्त्र प्रेसको अवधारणालाई सैद्धान्तिक रुपमै स्वीकार गरेको छ । नेपाल पनि स्वाभाविक रुपमा अपवाद हुन सक्दैन । यहाँ पनि यी अवयवहरुलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान, २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा यी अवधारणालाई आत्मसात् गरेको छ ।

नेपालको संविधान, २०७२ मार्फत स्वीकार गरिएको सङ्घीयताको अवधारणाले नेपाली प्रजातन्त्र/लोकतन्त्रलाई क्रमशः परिष्कृत गर्दै लगेको छ । वास्तवमा लोकतन्त्रलाई ‘अर्थ’ प्रदान गर्न सङ्घीयताको निकै महत्व छ । सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ । खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सबलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रिय बन्दै गएको छ । अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गरिँदैन । अधिनायकवादमा विश्वास गर्नेहरु सधैँ शक्तिको केन्द्रीकरण चाहन्छन् ।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्द्रीय शासनमा निहित शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभुता निहित हुने कुरालाई स्वीकार गर्न थालिएको छ । यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरण निर्माण भइरहेको छ । यस्तोमा प्रेसको भूमिका झनै महत्वपूर्ण हुन जान्छ । लोकतन्त्र सुशासनमा आधारित छ र सुशासनको एक प्रमुख आधार पारदर्शिता र उत्तरदायित्व बहन हो । यही पारदर्शिता निर्माण गर्ने सन्दर्भमा प्रेसको निर्णायक भूमिका हुन्छ भन्नु अनुचित हुँदैन । यसमा राज्यको समाचार एजेन्सी, जसलाई समाचार बैङ्क र मिडियाको पनि मिडिया भनिन्छ, राससजस्ता संस्थाहरुको भूमिका झनै महत्वपूर्ण हुन आउँछ । विगत ६४ वर्षदेखि आधिकारिक, मर्यादित, विश्वसनीय र सन्तुलित ढङ्गबाट देश र विदेशका सूचना प्रवाहित गर्दै आएको राससको भूमिकालाई स्वीकार गरेर यसको पहुँच र प्रभावलाई थप प्रभावकारी बनाउनु आवश्यक छ । रासस स्वयं यो दायित्व निर्वाहका लागि तयार र प्रतिबद्ध छ । सरोकारवालाहरुको सहयोगी हातेमालो अपरिहार्य छ ।

पछिल्ला दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने समूहबाट राज्य, प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला । यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै धावा बोल्ने र आघात पुर्‍याउने जमातको आकार वृद्धि भइरहेको छ । यस्ता समूह खासमा लोकतन्त्र नै क्रियाशील भएको र समाज रुपान्तरण भएको देख्न चाहिरहेका छैनन् । तर रासस समयको वेगलाई पछ्याउन सचेत छ । रासस जनताको सुसूचित हुन पाउने हकको सुनिश्चतताको पक्षमा निरन्तर क्रियाशील छ र यस दिशामा रासस अनेक थरी चुनौतीसँग जुध्न तयार छ । अन्त्यमा, ७५औं प्रजातन्त्र दिवस र राससको ६४औं वार्षिकोत्सवका अवसरमा सबैलाई अनन्त शुभकामना । (लेखक श्री धर्मेन्द्र झा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष हुनुहुन्छ)

## ‘इमानको राजनीति आवश्यक’

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा विशेष समयमा बोल्ने क्रममा सांसद दयालबहादुर शाहीले राजनीति विकृत हुँदै गएका कारण इमानको राजनीति गर्न दलहरूलाई आग्रह गर्नुभएको छ ।

अनुशासन र इमान नै लोकतन्त्रको प्रारण रहेको भन्दै उहाँले बेइमानको राजनीति गर्नेलाई जनताले मूल्याङ्कन गर्ने बताउनुभयो । वर्तमान सरकार गठबन्धन लामो समय चल्ने दाबी पनि गर्नुभयो । यो गठबन्धनले जनताको आशा



र भरोसा जगाउने काम गरेको धारणा उहाँले राख्नुभयो ।

सांसद उदय शमशेर जबराले भारतमा रहेका नेपाली विद्यार्थीको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी उनीहरूको मनोबल बढाउन पनि परराष्ट्र मन्त्रालय र मातहतका निकायबाट प्रभावकारी पहल गरिनुपर्ने बताउनुभयो । नेपाली विद्यार्थी विदेशमा अध्ययन गर्ने क्रममा यस्ता घटना बारम्बार दोहोरिने गरेको पनि उहाँले बताउनुभयो । रैकर जग्गा दर्ता सधैँका लागि खोलिनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।

सांसद प्रतिमा गौतमले नेपालको सडक र यातायात पूर्वाधार असुरक्षित बन्दै गएको विषय संसद्मा उठाउनुभयो । सडक सुरक्षाका लागि विभिन्न निकाय कार्यरत रहे पनि दुर्घटना कम हुन नसकेको उहाँले बताउनुभयो । सवारी साधन अपाङ्गमैत्री तथा अशक्तमैत्री बनाइनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।


सांसद कुसुमदेवी थापाले युवा उद्यम र नवप्रवर्तनका लागि जोड दिनुपर्ने बताउनुभयो । त्यस्तै, स्वदेशी उत्पादन बढाएर त्यसको बजारीकरण गरी खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बन्न सक्नुपर्ने बताउनुभयो । कृषि क्षेत्रले मुलुकको अर्थतन्त्रलाई मात्र नभई पर्यावरण संरक्षणको दृष्टिकोणबाट पनि महत्वपूर्ण भूमिका खेल्ने भएकाले कृषि प्रवर्द्धनको नीति लिइनुपर्ने उहाँको भनाइ छ ।रासस

# पदीय मर्यादा विपरीत र गैरकानुनी काम गरेको भए पद छाड्न तयार छुः ऊर्जामन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आफ्नाविरुद्ध संसद्बाटै विभिन्न आक्षेप र अनर्गल प्रचार हुनु दुःखद रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा शून्य र विशेष समयमा उठेका प्रश्नमाथि जवाफ दिँदै उहाँले कुनै पनि प्रकारका आर्थिक हिनामिना, गैरकानुनी क्रियाकलाप तथा अवैध लाभ लिएको विषयमा आफ्नो संलग्नता पुष्टि गर्न पनि चुनौती दिनुभयो । “मैले कुनै खराब काम गरेको रहेछु भने मन्त्री मात्र होइन सांसद पद नै छाड्न तयार छु, गैरकानुनी काम गरेको तथ्य प्रमाण देखाउन म चुनौती दिन्छु”, उहाँले भन्नुभयो । सांसदहरुबाटै आफ्नाविरुद्ध अनर्गल प्रचार भइरहेको र त्यसबाट आफ्नो मानमर्दन भएको पनि उहाँले बताउनुभयो ।

‘डेडिकेटेड’ र ‘ट्रङ्कलाइन’ विद्युत् महसुल विवाद टुङ्ग्याउने गरी अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिँदा नेपाल विद्युत् प्राधिकरणको नेतृत्वले त्यसलाई अटेरी गरेको, मन्त्रालयसँग समन्वय नगरेको, प्राधिकरणका सञ्चालक बैठकमा उपस्थित नहुने गरेकोलगायतका विषय उहाँले उठाउनुभयो ।



“ ऊर्जामन्त्री खड्काले आफुले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नेपालको समृद्धि ऊर्जा विकासमार्फत मात्र सम्भव हुने स्पष्ट धारणा बनाएको उल्लेख गर्नुभयो ।

ऊर्जामन्त्री खड्काले आफुले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नेपालको समृद्धि ऊर्जा विकासमार्फत मात्र सम्भव हुने स्पष्ट धारणा बनाएको उल्लेख गर्नुभयो । गत असोज ११ र १२ गते आएको भीषण वर्षा, बाढी र पहिरोले देशका जलविद्युत् आयोजना, प्रसारण संरचना तथा सिँचाइ प्रणालीमा गम्भीर प्रभाव पारेको र विद्युत् तथा सिँचाइ प्रणालीको सञ्चालन एवं मर्मत कार्यलाई तीव्रता दिन करिब रु सात अर्ब खर्चिनुपरेको उहाँको भनाइ छ ।

मन्त्रालयले पछिल्लो सात महिनामा उल्लेखनीय कार्य सम्पन्न गरेको दाबी उहाँले गर्नुभयो ।

“विद्युत् विकास विभागले १६ जलविद्युत् आयोजना तथा ३३ प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्र प्रदान गरेको छ, त्यस्तै, १६ जलविद्युत् आयोजनाको उत्पादन तथा निर्माण अनुमतिपत्र, ११ वटा प्रसारण लाइन निर्माण अनुमतिपत्र, १४ वटा सौर्य विद्युत् परियोजनाको सर्वेक्षण अनुमतिपत्र र दुई सौर्य विद्युत् आयोजना निर्माण अनुमतिपत्र जारी गरिएको छ”, उहाँले संसद्मा भन्नुभयो ।

ऊर्जा विकास मार्गचित्र २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको र यो नीतिले सन् २०३५ सम्ममा जलविद्युत् उत्पादन २८ हजार ५०० मेगावाट पुऱ्याउने लक्ष्य राखिएको उहाँको भनाइ छ ।

यसमध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने योजना रहेको पनि ऊर्जामन्त्री खड्काले स्पष्ट पार्नुभयो ।

यो लक्षित विद्युत् उत्पादन गर्नका लागि कुल लागत करिब ४६ दशमलव पाँच अर्ब अमेरिकी डलर अर्थात् रु ६२ खर्ब ३१ अर्ब रहने अनुमान गरिएको छ ।

नेपाल, भारत र बङ्गलादेशबीच विद्युत् व्यापारलाई थप सशक्त पार्न विभिन्न सम्झौता भएको पनि उहाँले सदनलाई जानकारी गराउनुभयो ।

गत असोज १७ मा नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपिसी विद्युत् व्यापार निगमबीच ४० मेगावाट विद्युत् निर्यात सम्झौता सम्पन्न भएको र गत कात्तिक ३० देखि भारत हुँदै बङ्गलादेशमा विद्युत् निर्यात सुरु गरिएको खड्काले बताउनुभयो ।

त्यस्तै नेपाल र भारतबीच पनि विद्युत् आयात-निर्यातका लागि विभिन्न सम्झौता भएको उहाँले उल्लेख गर्नुभयो ।

“हाल भारतमा १२ जलविद्युत् आयोजनामार्फत २५१ मेगावाट निर्यात भइरहेको छभने कुल निर्यात क्षमता ९४१ मेगावाट पुगेको छ, भारतबाट एक हजार चार मेगावाट पावर एक्सचेन्ज तथा २३० मेगावाट विद्युत् खरिद सम्झौता गरिएको छ”, खड्काले भन्नुभयो ।

नेपाल-भारत मन्त्रिस्तरीय बैठकका प्रमुख उपलब्धिमा ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता ८०० मेगावाटबाट एक हजार मेगावाट पुऱ्याउने, चमेलिया-जैलिजीवी २२० केभी प्रसारण लाइन २०२५ सम्ममा सम्पन्न गर्ने र अन्य महत्वपूर्ण प्रसारण लाइन सन् २०३५ भित्र सम्पन्न गर्ने योजना रहेको मन्त्री खड्काले बताउनुभयो ।

सरकारले बूढीगण्डकी (एक हजार २०० मेगावाट), अप्पर अरुण (एक हजार ६३ मेगावाट), तमोर (७५० मेगावाट), दुधकोशी (६७० मेगावाट) तथा उत्तरगङ्गा (८२८ मेगावाट) लगायतका ठूला आयोजना अघि बढाउन प्रक्रिया थालेको पनि ऊर्जामन्त्री खड्काले संसद्लाई जानकारी गराउनुभयो ।रासस

## प्रधानमन्त्रीलाई जग्गा खोजबिन समितिको प्रतिवेदन हस्तान्तरण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष नेपाल संस्कृत विश्वविद्यालयको जग्गा खोजबिन समितिले आज आफ्नो प्रतिवेदन हस्तान्तरण गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा सो समितिका संयोजक शेखरप्रसाद पौडेलले विश्वविद्यालयको विद्यमान जग्गाहरूको उपयोग, अतिक्रमणको अवस्था र अतिक्रमण हटाउन चालिनुपर्ने कदमका विषयमा सुझावसहितको प्रतिवेदन कुलपति ओलीलाई बुझाउनुभएको हो । नेपाल सरकार (मन्त्रिपरिषद्) को गत असार २० गतेको निर्णयबाट उच्च अदालतका पूर्व न्यायाधीश पौडेलको संयोजकत्वमा पाँच सदस्यीय जग्गा खोजबिन समिति गठन गरिएको थियो ।

समितिले दाङमा रहेको विश्वविद्यालयको कूल एक हजार छ सय ६२ बिघा जग्गा रहेको र देउखुरी क्षेत्रमा एक हजार तीन सय ३६ बिघामध्ये नौ सय १० बिघा अतिक्रमण भई २०५९ देखि ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त नगरेको पाइएको बताउनुभयो ।

सोही क्षेत्रमा विश्वविद्यालयको दुई सय बिघा जमिन राप्ती नदीले कटान गरेको पाइएको छ । संयोजक पौडेलले जग्गालाई उपयोगमा ल्याउन भाडामा दिन सकिने र अतिक्रमण हटाउन सरकार र राजनीतिक दलको सहयोग आवश्यक हुने सुझाव दिनुभयो ।



प्रधानमन्त्री ओलीले प्रतिवेदन ग्रहण गर्दै अध्ययन र छलफल गरेर आवश्यक प्रक्रिया अघि बढाउने विश्वास दिलाउँदै विश्वविद्यालयहरूमा तालाबन्दी र अतिक्रमणजस्ता अवाञ्छित क्रियाकलाप रोकिनुपर्नेमा जोड दिनुभयो । प्रतिवेदन हस्तान्तरणका अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई पनि सहभागी हुनुहुन्थ्यो ।रासस

# विद्युतीय व्यापार (इ-कमर्श) विधेयक पारित

काठमाण्डु।प्रतिनिधिसभाको आजको बैठकले विद्युतीय व्यापार (इ-कमर्श) विधेयक, २०८१ लाई सर्वसहमतिले पारित गरेको छ । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रस्तुत गर्नुभएको सो विधेयकलाई सर्वसहमतिले पारित गरेको हो ।



यसअघि विधेयकका विभिन्न पक्षका बारेमा सांसदहरूले सरकारको धारणा माग्नुभएको थियो । सांसदहरूको जिज्ञासाको जवाफमा मन्त्री भण्डारीले नेपालमा विद्युतीय व्यापारको माध्यमबाट वस्तु तथा सेवाको खरिदबिक्री बढ्दो क्रममा रहेकाले विद्युतीय माध्यामबाट हुने कारोबारलाई निमयन तथा व्यवस्थित गर्न यो विधेयक ल्याएको बताउनुभयो ।

मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात प्रवर्द्धनलगायत क्षेत्रमा विद्युतीय व्यापार अतिआवश्यक भइसकेकाले यसलाई नियमन तथा अनुगमनका लागि तत्काल कानुन बन्न आवश्यक रहेको मन्त्री भण्डारीले बताउनुभयो । कार्यान्वयनका चरणमा लैजाँदा नियमावली तथा कार्यविधि बनाएर थप व्याख्या गरिने उहाँको भनाइ छ । अहिलेको प्रविधिको विकाससँगै यसलाई संशोधन गर्दै जान सकिने उद्योगमन्त्री भण्डारीले उल्लेख गर्नुभयो ।

विधेयकमाथि संसद्मा पर्याप्त छलफल भएको र यसलाई बढीभन्दा बढी कार्यान्वयनयोग्य बनाउन खोजिएको उहाँको भनाइ छ ।

कानुनी व्यवस्थाको अभावमा विद्युतीय माध्यामद्वारा सञ्चालन गरिने व्यापारको व्यवस्थापन गर्न कठिन थियो । यो ऐन कार्यान्वयनमा आएसँगै इ-कमर्शलाई नियमन र व्यवस्थापन गर्न सहज हुने मन्त्री भण्डारीको भनाइ छ ।

अर्थतन्त्रमा टेवा पुऱ्याउने, स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने, साना तथा मझौला व्यवसायलाई प्रवर्द्धन गर्ने, उपभोक्ताको पहुँच सरल र सहज हुने भएका कारण यो कानुन बनेर कार्यान्वयनमा आउन अति आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

यस्तै, मंगलबारको बैठकमा महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७९/८० पेस भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट रक्षामन्त्री मानवीर राईले उक्त प्रस्ताव पेस गर्नुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही फागुन ११ गते १३ बजे बस्नेछ ।रासस

# प्रदेश सरकारसहकार्य गरेर अघि बढ्न तयार छ : मन्त्री लामिछाने

बागमती । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सूरजचन्द्र लामिछानेले प्रदेश सरकार रासससँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताउनुभएको छ ।



राष्ट्रिय समाचार समिति (रासस) को ६४औँ वार्षिकोत्सवको अवसरमा रासस बागमती प्रदेश कार्यालय हेटौँडाद्वारा आज यहाँ आयोजित ‘जिम्मेवार पत्रकारिता र राससको भूमिका’ विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री लामिछानेले प्रदेशसरकारका गतिविधि सम्बन्धी समाचार तथा सूचना राससमार्फत जनता समक्ष लैजानका लागि प्रदेश सरकार रासससँग सहकार्य गरी अघि बढ्न तयार रहेको बताउनुभयो ।

प्रदेश सरकारका धेरै जसो सूचना राससले सम्प्रेषण गर्दै आएको प्रसङ्ग उल्लेख गर्दै मन्त्री लामिछाने प्रदेश सरकारले रासससँग थप व्यवस्थित रुपमा सहकार्य गर्न चाहेको बताउनुभयो । मुलुकको एकमात्र समाचार एजेन्सी राष्ट्रिय समाचार समितिको सेवालाई प्रभावकारी बनाउन ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले रासस मुलुकको प्रतिष्ठा भएकाले यसलाई सबल, आत्मनिर्भर र प्रभावकारी बनाउन राज्यले ध्यान दिनुपर्ने बताउनुभयो ।

पत्रकार र पत्रकारिता क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री लामिछानेले सञ्चार रजिष्ट्रारको कार्यालय स्थापना गरी पत्रकार परिचयपत्र वितरण, अनलाइन दर्ता, पत्रकार बिमा र विभिन्न विधामा कार्यरत सक्रिय तथा अग्रज पत्रकारलाई सम्मान गर्ने गरेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य आनन्दकुमार श्रेष्ठले आवाजविहीन र दुरदराजका जनताको आवाजलाई राससले समेट्नुपर्ने सुझाव दिँदै राससले काठमाडौँ तथा नेता कार्यकर्ताको कुरा मात्र नभई दुर्गम जिल्लाका कुना काप्चा र दुरदराजका जनताको पीडासमेत सम्प्रेषण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठकले आधिकारिक, विश्वसनिय र सन्तुलित समाचार सम्प्रेषणमा राससले खेलेको भूमिका प्रशंसनिय रहेको उल्लेख गर्दै राससले समाचार सामग्रीहरुको गुणस्तरीयतामा सुधार ल्याउनु जरुरी रहेको बताउनुभयो । प्रविधिको विकाससँगै राससले पनि आफ्ना सेवा थप्दै जानु सकारात्मक भएको चर्चा गर्दै पाठकले राससले भ्रष्टचार, बेथितिका विरुद्ध निष्पक्ष समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले राससको सेवालाई आधुनिक सूचना प्रविधिको प्रयोग गरी मिडियालाई अझ प्रविधिमैत्री बनाउन र काम गर्ने तरिकामा निरन्तर सुधार गर्दै अघि बढ्नुपर्ने सुझाव दिनुभयो ।

नेपाल पत्रकार महासङ्घ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले पत्रकारिता पेसा संवेदनशील भएकाले जिम्मेवारीपूर्वक पत्रकारले आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै सञ्चार क्षेत्र सङ्कटपूर्ण अवस्थामा रहेकाले यसतर्फ सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी गुणराज न्यौपानेले मुलुकमा आएको परिवर्तनसँगै राससले आफुलाई रुपान्तरित गर्दै आएको उल्लेख गर्दै सत्यतथ्य, विश्वसनिय र निष्पक्षताको आफ्नो पहिचानलाई अझै कायम राखेकामा प्रंशसा गर्नुभयो ।

रासस बागमती प्रदेश कार्यालय हेटौँडाका प्रमुख राजु विश्वकर्माको अध्यक्षतामा आयोजित उक्त अन्तरक्रिया कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता तथा वडा नं १ का वडाध्यक्ष सविन न्यौपाने, गैर सरकारी संस्था महासङ्घ बागमती प्रदेशका अध्यक्ष कमल विश्वकर्मा, सञ्चारिका समूह बागमती प्रदेशकी अध्यक्ष सरिता दाहाल, पत्रकारहरु सुरेश श्रेष्ठ, कुमार अधिकारीलगायतले सञ्चार क्षेत्रमा राससले पुऱ्याएको योगदानबारे चर्चा गर्नुभएको थियो ।रासस

प्रदेश सरकारका धेरै जसो सूचना राससले सम्प्रेषण गर्दै आएको प्रसङ्ग उल्लेख गर्दै मन्त्री लामिछाने प्रदेश सरकारले रासससँग थप व्यवस्थित रुपमा सहकार्य गर्न चाहेको बताउनुभयो ।

# अध्यादेश सरोकारवाला र मुलुकको हितमा छ : सांसद थापा

काठमाण्डु । सांसद सुर्यबहादुर थापाले अध्यादेश सरोकारवाला र मुलुककोहितमारहेकोबताउनुभएको छ । प्रतिनिधिसभामा मंगलबार विशेष समयमा बोल्दै सांसद थापाले सरकारले ६ अध्यादेश सरोकारवालाको हितमा ल्याएको उल्लेख गर्दै अनावश्यक विरोध गर्न आवश्यकसमेत नरहेको जिकिर गर्नुभयो ।

सांसद थापाले हिउँदे अधिवेशन विधेयक अधिवेशन भएकाले कानुन निर्माणसँग सम्बन्धित प्रक्रियामा नै प्राथमिकता दिनुपर्ने भन्दै अनावश्यक मिडियावजाजी गरेर अरोप लगाउने काम बन्द गर्न सुझाव दिनुभयो ।



“अध्यादेशको विषयमा अनावश्यक विरोध भइरहेको छ । अहिले ६ अध्यादेश आएका छन् । शुसासन प्रवर्द्धन, सहकारी बचतकर्ताको बचत रकम फिर्ता, सूचना प्रविधि प्रवर्द्धन, औद्योगिक वातावरण, वित्तिय उत्तरदायित्व र भूमिसम्बन्धि अध्यादेश आएको छ,” उहाँले भन्नुभयो, “सरोकारवाला खुसी भएका छन् । तर हाम्रा केही सांसदमा खुसी देखिएन । सरोकारवाला र मुलुकको हितमा अध्यादेश आएको हो । विरोध गर्नु बेकार छ ।”

सांसद थापाले सरकार निर्माण भएपछि अघिल्लो सरकारको कार्यकालमा बाँकी रहेको निर्माण व्यवसायीका रु ३० अर्बभन्दा बढी भुक्तानी अहिलेको सरकारले दिएको बताउनुभयो ।

“वर्तमान सरकारको कार्यकालमा राजश्व वृद्धि भएको छ । पूँजीगत खर्चमा वृद्धि भएको छ । पर्यटन आगमनमा पनि सुधार आएको छ । अर्थतन्त्र लयमा फर्कने क्रममा रहेको छ,” सांसद थापाले भन्नुभयो, “अहिले अनावश्यक अध्यादेशको विरोध गरेर सरकारको आलोचना भइरहेको छ । यो संविधान विपरितको काम होइन् । संसद् नलचेको बेलामा छोटो समयमा अध्यादेश ल्याउन सरकारलाई दिइएको सुविधा हो ।”

मुलुकका दुई ठूला पार्टीको सहकार्य हुँदा ठूलो उपलब्धि हुने सांसद थापाले बताउनुभयो । “यसपालि पनि ठूला उपलब्धि गराउनुपर्ने छ । समाजमा निराशा हटाएर आशा जगाउने उद्देश्यअनुसार नै सरकार अगाडि बढिरहेको छ,” उहाँले भन्नुभयो, “देशमा भ्रष्टाचार बढेको छ । सुशासन कायम राख्न अध्यादेश ल्याउन लागिएको हो ।”

सहकारी ठकी प्रकरणमा प्रतिपक्षले राजनीतिक प्रतिशोध साँधेको आरोप लगाइरहेको उल्लेख गर्दै सांसद थापाले आपत्ति जनाउनुभयो । उहाँले सामाजिक सञ्चाल नियमन सम्बन्धि विधेयकले विद्युतीय अपराध रोकिने बताउनुभयो ।

सांसद थापाले भारतको ओडिसा राज्यस्थित कलिङ्गा इन्स्टिटच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयमा अध्ययनरत बुटवलकी छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्यु भएको घटनाको छानबिन हुनुपर्ने माग गर्नुभयो ।रासस

# च्याम्पियन्स ट्रफी : आयोजना गर्दै पाकिस्तान

एएफपी

कराची ।सुरक्षा चिन्ताका कारण निषेधित देश भएको केही वर्षपछि एउटा ऐतिहासिक कदमका रूपमा स्वागत गरिएको पाकिस्तानले बुधबारदेखि करिब तीन दशकमा पहिलो प्रमुख क्रिकेट प्रतियोगिता आयोजना गर्दैछ ।




अधिकारीहरूले यसलाई सहज र सुरक्षित रूपमा निकाल्न सकेको खण्डमा आगामी साढे दुई हप्तामा तीनवटा सहरमा च्याम्पियन्स ट्रफी आयोजना गर्दा दक्षिण एसियाली यस राष्ट्रको प्रतिष्ठामा ठूलो बढोत्तरी हुनेछ ।

"पाकिस्तान एक सुरक्षित देश हो र यो प्रशासनको दृष्टिकोणबाट यस्तो विश्वव्यापी प्रतियोगिता गर्न सक्षम छ भनेर विश्वलाई विश्वास दिलाउन गम्भीर मेहनत र विश्वास दिलाउन आवश्यक थियो", पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) का पूर्वअध्यक्ष रमिज राजाले भन्नुभयो, "विश्वले अन्ततः हाम्रो दृष्टिकोण बुझ्यो ।"

राजाको कार्यकालमा सन् २०२१ मा यो प्रतियोगिता प्रदान गरिएको थियो ।लामो समयदेखि चलिरहेको राजनीतिक तनावका कारण छिमेकी र कट्टर प्रतिद्वन्द्वी भारतले पाकिस्तानमा खेल्न अस्वीकार गरेपछि यो तयारी कुनै समस्या बिना भएको छैन ।

मैदान भित्र र बाहिर खेलको शक्तिशाली राष्ट्र भारतले त्यसको सट्टा आफ्ना खेलहरू दुबईमा खेल्नेछ तर अन्य सात देश पाकिस्तानमा आधारित हुनेछन् ।प्रमुख सहरहरूमा आक्रमणहरू विरलै हुने गरेको भए पनि विशेष गरी आयोजक सहरहरू कराची, लाहोर र रावलपिन्डीमा देशले सुरक्षा बढाएको छ। पाकिस्तानले सन् २००८ मा विश्वकपपछि प्रमुख एकदिवसीय प्रतियोगिता च्याम्पियन्स ट्रफी आयोजना गर्ने भएको थियो ।

सेप्टेम्बर ११ को आक्रमणपछि छिमेकी अफगानिस्तानको युद्धबाट फैलिएको सुरक्षा सङ्कटका कारण त्यसको सट्टा एक वर्षपछि दक्षिण अफ्रिकामा आयोजना गरिएको थियो ।

इस्लामवादी बन्दुकधारीहरूले लाहोरमा श्रीलङ्काको टोली बोकेको बसमा आक्रमण गरेपछि धेरै खेलाडी घाइते भएका थिए र आठ जना प्रहरी र सर्वसाधारणको मृत्यु भएपछि सन् २००९ मा पाकिस्तान अन्तर्राष्ट्रिय पक्षहरूका लागि निषेधित क्षेत्र बन्यो ।

तर सन् २०१४ मा सुरु भएको र केही वर्षसम्म चलेको व्यापक सैन्य कारबाहीपछि सुरक्षामा व्यापक रूपमा सुधार भएको छासन् २०१९ मा टेस्ट क्रिकेट पाकिस्तानमा फर्कियो । त्यसपछि अस्ट्रेलिया, इङ्ल्यान्ड, न्युजिल्यान्ड र दक्षिण अफ्रिकाले देशको भ्रमण गरे र यसले पाकिस्तानको प्रतियोगिता आयोजना गर्ने प्रयासलाई सहयोग पुर्‍यायो ।ती सबै टोली च्याम्पियन्स ट्रफीका लागि पाकिस्तानमा हुनेछन् ।

**आतङ्कवादले सबै कुरा लियो**

सतहत्तर वर्षीय व्यवसायी हाजी अब्दुल रज्जाकका लागि विश्वव्यापी प्रतियोगिता पाकिस्तानमा फर्कनु अर्को जन्मदिन जस्तै हो ।पाकिस्तानले अन्तिम पटक सन् १९९६ मा भारत र श्रीलङ्कासँग सह-आयोजकका रूपमा प्रमुख अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गरेको थियो ।श्रीलङ्काले अस्ट्रेलियालाई हराएर उपाधि जितेको बेला रज्जाकले सन् १९९६ मार्च १७ मा लाहोरको गद्दाफी स्टेडियममा श्रीलङ्काको झन्डा फहराउनुभएको थियो ।

उनन्तीस वर्षपछि क्रिकेट प्रेमी रज्जाकले बुधबार कराचीमा च्याम्पियन्स ट्रफीको उद्घाटन खेलमा विजेता पाकिस्तान र न्युजिल्यान्डबीच हुने खेल हेर्नुहुनेछ ।"यो मेरो दिमागमा ताजा छ, मेरो देश त्यस बेला फस्टाउँदै थियो र क्रिकेट सबैको मनमा थियो", आँखा रसाएका रज्जाकले भन्नुभयो, "आतङ्कवादले हामीबाट सबै कुरा लियो । म एक विश्वव्यापी प्रतियोगिता हाम्रो देशमा फर्किएको देख्दा अति खुशी छु र यो मेरो जन्मदिन हुने जस्तो महसुस गरिरहेको छ।"

आतङ्कवाद अझै पनि पाकिस्तानमा खतरा भए पनि हिंसा स्टेडियमहरूबाट धेरै टाढा उत्तरदेखि दक्षिणसम्म दुर्गम सीमावर्ती क्षेत्रहरूमा लगभग पूर्ण रूपमा सीमित छ ।

राजधानी इस्लामाबादलाई लकडाउनमा राखी पाकिस्तानले हालै साङ्घाई सहयोग सङ्गठनको शिखर सम्मेलन र बालिकाहरूको शिक्षामा विश्वव्यापी बैठक आयोजना गरेको छ । यसले अन्तर्राष्ट्रिय मञ्चमा पाकिस्तानले आफ्नो प्रोफाइल बढाएको छ ।

आफ्नो तयारीको परीक्षणका रूपमा पाकिस्तानले गत हप्ता न्युजिल्यान्ड र दक्षिण अफ्रिकासँग त्रिदेशीय शृृला आयोजना गर्‍यो र लाहोर र कराचीमा भर्खरै नवीकरण गरिएको स्टेडियमहरूमा दर्शकहरू भेला भए ।सन् १९८७ मा पाकिस्तान र भारतले आयोजना गरेको विश्वकपमा खेलेका पाकिस्तानका पूर्व कप्तान राजाले च्याम्पियन्स ट्रफीको आयोजना खेलभन्दा बाहिर धेरै महत्त्वपूर्ण रहेको बताउनुभयो ।

"यो च्याम्पियन्स ट्रफी विश्व क्रिकेट समुदायमा आफ्नो स्थानलाई सामान्य बनाउने तर्फको महत्त्वपूर्ण कदम हो", उहाँले भन्नुभयो, "यो राष्ट्रिय गौरव र लचिलोपन र दृढताको बारेमा बलियो सन्देश पठाउने कुरा पनि हो, यो युवा संलग्नता, सांस्कृतिक प्रवर्द्धन र विश्वव्यापी छवि निर्माण गर्ने बारे हो, अब प्रस्तुत गर्ने जिम्मेवारी हामीमाथि छ ।"

## उजिरसिंह रङ्गशाला निर्माण कार्य अघि बढ्ने

लुम्बिनी । बुटवल उपमहानगरपालिका-१३ मा निर्माण हुने उजिरसिंह रङ्गशाला निर्माण कार्य अघि बढ्ने भएको छ। लुम्बिनी प्रदेश सरकारले प्रदेश स्थापनादेखिनै महत्त्वपूर्ण आयोजनाका रूपमा प्रस्ताव गरेको यो रङ्गशाला वन क्षेत्रको जग्गा प्राप्त हुन नसक्दा अघि बढ्न सकेको थिएन ।

प्रदेश सरकारले हरेक आर्थिक वर्षमा बजेट विनियोजन गरेपनि जग्गाको समस्याका कारण बजेट फ्रिज हुने गरेको थियो । रङ्गशाला निर्माणस्थल वन क्षेत्रमा पर्ने भएकाले नेपाल सरकार मन्त्रिपरिषद्ले गत असोज १८ गते वन क्षेत्र प्रयोग गर्ने स्वीकृति प्रदान गरेको थियो ।

प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले उजिरसिंह रङ्गशाला निर्माणका लागि आवश्यक बजेट तथा अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ । प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई उक्त रङ्गशाला निर्माण कार्यान्वयन गर्न जिम्मेवारी दिने निर्णय गरिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो ।रासस

## युगान्डा भ्रमणको लागि नेपाली महिला क्रिकेट टोलीको छनोट




काठमाण्डु । युगान्डामा आयोजना हुने मैत्रीपूर्ण क्रिकेट खेलका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले प्रारम्भिक चरणमा १८ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ। युगान्डा क्रिकेट एसोसिएसनको आयोजनामा यही फागुन २२ देखि चैत ४ गतेसम्म सञ्चालन हुने मैत्रीपूर्ण क्रिकेट खेलको लागि पहिलो चरणमा १८ खेलाडी प्रशिक्षणमा बोलाएको हो ।

छनोट हुने टोलीमा कप्तान इन्दु बर्मासहित रचनाकुमारी चौधरी, साना प्रवीन, रिया शर्मा, सीमाना केसी, शोभा रोकाया, राजमती ऐरी, अलिसाकुमारी यादव, सबनम राई, रूविना क्षेत्री र ममताकुमारी चौधरी छन् । त्यसैगरी कविता जोशी, रोमा थापा, ईश्वरी विष्ट, सम्झनाकुमारी खड्का, पूजा महतो, विन्दु रावल र मनिषा कुमारी उपाध्याय छन् ।रासस

## अन्तर पालिकास्तरीय महिला फुटबलको उपाधि कनकाईलाई

झापा । प्रथम अन्तरपालिका महिला फुटबल प्रतियोगिताको उपाधि कनकाई नगरपालिकाले जितेको छ । च्याम्पियन बनेसँगै कनकाई नगरपालिकाले नगद रु तीन लाख पाएको छ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रङ्गशालामा सोमबार भएको फाइनल खेलमा अर्जुनधारा नगरपालिकालाई ३-० गोलअन्तरले पराजित गर्दै कनकाई नगरपालिका च्याम्पियन बनेको हो ।

उपविजेता अर्जुनधारा नगरपालिकाले ट्रफीसहित नगद रु एक लाख ५० हजार पाएको छ । कनकाईको जितमा सिमन राई र पूर्णिमा राईले गोल गरेका हुन् । पहिलो हाफको सात मिनेटमै कनकाईकी सिमनले गोल गर्दै अग्रता दिलाएकी थिइन् । दोस्रो हाफमा थप दुई गोल भएको थियो ।रासस

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैला धनुषा) को ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसील

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रेणु देबी अमात्य | भुतही पटेर्बा ०९ | १७३०४९/१५३ धनुषा २०७०।०२।२३ | इन्दल राय अमात्य | कुसे राय अमात्य | सरल कृषि कर्जा | ६,००,०००।- | १,६३,५२६।- | ७,६३,५२६।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | राम सागैर देबी बडहिन | सबैला ०९ | ९७९/०६१५१९३३ धनुषा २०४४।१२।१९ | खाटर ठाकुर बरही | बिसनी ठाकुर बरही | सरल कृषि कर्जा | २,००,०००।- | २१,५६५।- | २,२१५६५।- | |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | वाजे |
|---|---|---|---|---|---|
| | | | | | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| खाटर ठाकुर बरही | सबैला ०९ | ९६/०६१५१९३२ | धनुषा २०४४।१२।१९ | बिसनी ठाकुर बरही | ठकन ठाकुर बरही |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | हरि नरायण साह | सबैला ०१ | ८०२६३६०६ धनुषा २०४२।०३।२० | गंगा साह तेली | महन्थ साह | व्यापार कर्जा | १९,८९,४८७।- | २८,४९२२२।- | ४८,३८,७०९।- | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | रागनी देबी पासमान | पचहर्बा०३ | १७३०३८/१४० धनुषा २०६३।१२।०८ | राम बाबु पासमान | राम देब पासमान | सरल कृषि कर्जा | ६,००,०००।- | १,२७,९१७।- | ७,२७,९१७।- | |

**धतो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | शुभ नरायण मंडल | भुतही पटेर्बा ६ | १५३१०९२९धनुषा २०३६।०९।०४ | गढाई मंडल धानुक | भगवानी मंडल धानुक | सरल कृषि कर्जा | १,९९,०७१।- | २८,५६०।- | २,२७,६३१।- | |

**धतो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | ईन्दु किराना पसल प्रो.जोगिन्द्र मुखिया | धनुषा गोबिन्दपुर ०३ | २६३२१९०७धनुषा २०६१।०४।२२ | सेबक बिन | शिब लाल मुखिया बिन | व्यापार कर्जा | ९,००,०००।- | ४,००,३४०।- | १३००३४०।- | |

**फर्मको दर्ता नं** : ५७७४/४५/०७०/७१ **दर्ता भएको कार्यालय:** घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुर, **दर्ता मिति:** २०७०।०४।१० **पान नं:** ६०१२०५९९६ **दर्ता मिति** २०७०।०४।१०

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | वाजे |
|---|---|---|---|---|---|
| जोगिन्द्र मुखिया | धनुषा, गोविन्दपुर ०३ | २६३२१९०७ | धनुषा र २०६१।०४।२२ | सेबक बिन | शिब लाल मुखिया बिन |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सेबक बिन | धनुषा गोबिन्दपुर ०३ | ४३१८३२८० | धनुषा २०४५।०१।१८ | शिब लाल मुखिया बिन | गानाई मुखिया बिन |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | रिना कुमारी दास ठाकुर | धनुषा गोबिन्दपुर ०४ | १७१०५९/६६धनुषा २०६५।१२।२५ | प्रमोद कुमार ठाकुर बरही | हितो बरही | कृषि कर्जा | ९,५०,०००।- | ३,८४८१४।- | १३,३४८१४।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| प्रमोद कुमार ठाकुर बरही | धनुषा गोबिन्दपुर ०३ | १७२६३२१८२१ | धनुषा २०६०।०९।१६ | हितो बरही | लक्ष्मी ठाकुर बरही |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रबिन कुमार शर्मा | धनुषा गोबिन्दपुर ०३ | ११७ | धनुषा धाम नगरपालिका | प्रमोद कुमार ठाकुर बरही | लक्ष्मी ठाकुर बरही |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | कृष्ण चन्द्र साह | कजरा रमौल ०७ | ४३१८३०४२ धनुषा २०४८।०६।०२ | जय प्रकास साह | राम रतन साह | सरल कृषि कर्जा | ९,५०,०००।- | ३,९४२६३।- | १३४४२६३।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | ललिता देबी पजियार | सबैला ०७ | ८०२६९८९६धनुषा २०६१।०९।२६ | देब नरायण पजियार | गोखुल पजियार | धराईसी | १,९९,६४९।- | ९७,०१४।- | २,९६,६६३।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | राधा कृष्ण यादब | भुतही पटेर्बा ०७ | १५३११२९७धनुषा २०४२।०५।३० | दयाराम यादब | जिमदार यादब | सरल कृषि कर्जा | ६,००,०००।- | २,४१,३९४।- | ८,४१,३९४।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| प्रबीन कुमार यादब | भुतही पटेर्बा ०७ | १७१०४९ | धनुषा २०६८।०६।३० | राधा कृष्ण यादब | दयाराम यादब |

(बाँकी पृष्ठ ७ मा)

# आधुनिक कृषिमा रमाउँदै युवा

वीरेन्द्रनगर । केही समय पहिला रोजाइमा नपरेको कृषि पेसामा पछिल्लो समय विस्तारै युवा आकर्षित हुन थालेका छन् । विदेश जानुभन्दा स्वेदशमा बसेर जीविकोपार्जन गर्ने उद्देश्यले यहाँका युवा पशुपालन, तरकारीखेतीमा आकर्षित हुन थालेका हुन् ।

"सुरुआत आफैँबाट गरौँ, परिवर्तन सम्भव छ", भन्ने सोचका साथ वीरेन्द्रनगर-९ लाटीकोइली सुर्खेतका दीपेन्द्र कार्की व्यावसायिक कृषि पेसा थाल्नुभएको १७ वर्ष भयो । पढेलेखेको युवाले माटो, गोठ, गोबर अनि गाईबस्तु छुन हुन्न भन्ने विचार परिवर्तन गर्नुपर्ने उहाँको भनाइ छ ।कार्कीले भन्नुभयो, "पछिल्लो समय कक्षा १२ पढेर सक्नेबित्तिकै विदेश जाने युवाको लर्को लाग्ने गर्छ । तर १४ महिना इजरायलमा बसेपछि विदेशमा दुःख गर्नुभन्दा आफ्नै ठाउँमा केही गर्नुपर्छ भनेर स्वदेश फर्किएको हुँ ।"

सन् २०१६ मा इजरायल पुग्नुभएका कार्कीले त्यहाँबाट कृषि प्रणाली, पशुपालन, तरकारीखेतीका बारेमा सिकेको सीप अहिले आफ्नै गाई फार्म र तरकारीखेतीमा प्रयोग गर्दै आएको बताउनुभयो । अहिले उहाँले कोपिला एग्रिकल्चर एण्ड लाइभस्टक प्रालिको रूपमा आफ्नो फार्म दर्ता गरी २४ वटा गाई पालनसँगै दुई बिघा जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आउनुभएको छ । रु ३२ लाखमा व्यक्तिगत लगानीमा उहाँले गाईपालन र तरकारीखेती सुरु गर्नुभएको हो ।

कार्कीले अहिले दैनिक रूपमा एक सय १० लिटर दूध बिक्री गर्दै आएको बताउँदै प्रतिलिटर रु ८० मा बिक्री

वीरेन्द्रनगर-२ दौलतपुर सुर्खेतका गोपालराज सुनारले पनि दुई बिघा जग्गामा तरकारीखेती गर्दै आइरहनुभएको छ । उहाँको मुख्य आयआर्जनको स्रोत नै कृषि हो । कुनैबेला विदेशिएका साथीभाइको प्रगति देखेर मन बदल्न खोज्नुभएका गोपालले अहिले घरमा बसेर प्रशस्त आम्दानी गर्नुभएको छ ।

"जलवायुमैत्री कृषि कार्य गर्न वीरेन्द्रनगर नगरपालिका, कृषि शाखाबाट आर्थिक अनुदान लिएर स्थायी टनेल बनाएको छु", गोपाल भन्नुभयो, "अहिले एक सिजनमा रु ६० हजार आम्दानी हुन्छ ।"

उहाँसँग अहिले पाँच वटा पक्की टनेल र दुई वटा कच्ची टनेल छन् । जसमा साग, काउली, भ्यान्टा, सिमी, बेमौसमी बोडी, टमाटर र च्याउ लगाउनुभएको छ । विसं २०७४ देखि तरकारी व्यवसायमा लागि पर्नुभएको गोपालले थोरै लगानीमा पनि राम्रो आम्दानी गर्न सकिने बताउनुभयो ।

गोपालले तरकारीमा हाल्न गड्यौला मल उत्पादन गर्ने गरेको उल्लख गर्दै झोल मल कीरा नियन्त्रणका लागि उत्तम औषधि भएका जानकारी दिनुभयो । उहाँले बजारमा पाइने विभिन्न किटनाशक विषादी तरकारीमा अहिलेसम्म प्रयोग नगरेको बताउनुभयो । गोपालले भन्नुभयो, "विषादी प्रयोग नगरेर तरकारी फलाउँदा बजार खोज्न पनि जानुपर्दैन, घरबाटै बिक्री हुन्छ ।" स्वस्थकर तरकारी उत्पादनले झन बढी आम्दानी दिने र माटोको उर्वराशक्ति कमजोर पनि नहुने उहाँको भनाइ छ ।

दीपेन्द्र र गोपाल जस्तै वीरेन्द्रनगर-१० नयाँगाउँका कृषक ज्ञानबहादुर चौधरी पनि अहिले



हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाईपालन र तरकारीखेतीबाट प्रशस्त आम्दानी भइरहेको छ, यो पेसाबाट एकदमै सन्तुष्ट छु ।" दुई व्यवसायलाई एकसाथ सञ्चालन गर्न केही गाह्रो भए पनि यी व्यवसाय एक अर्कोका परिपूरक भएका उहाँको भनाइ छ ।

"सबैभन्दा ठूलो र उपयोगी फाइदा भने टनेलबाट निस्कने घाँसपात गाईबस्तुका लागि र गाईबस्तुका मलको उपयोग तरकारीमा भइरहेको छ", कार्कीले भन्नुभयो । सोही कारण आफ्नो फार्मलाई प्राङ्गारिक फार्मका रूपमा स्थापना गर्न सकेको उहाँले उल्लेख गर्नुभयो । गाईको गोबरबाट एक वर्षमा ८५ टन प्राङ्गारिक मल उत्पादन गर्ने गरेको उहाँले बताउनुभयो । उहाँले होलसेलमा प्रतिकिलो रु २० र फुटकरमा रु २५ मा मल बिक्रीवितरण गर्दै आउनुभएको छ ।

उहाँको फार्ममा अहिले तीन जनाले रोजगारी पाएका छन् । कामदारको काम र दक्षता हेरेर रु १० देखि रु २२ हजारसम्म तलब दिने गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एक महिनामा गाईलाई दाना पानी र कर्मचारीलाई तलब दिएर रु ८० हजार बचाउने गरेको छु, महिनामा रु ८० हजार बचत गर्नसके किन जानुपर्‍यो विदेश ।" कार्कीले अहिले स्थायी प्रकृतिका १० वटा टनेलमा काउली, बन्दा, टमाटर, बेमौसमी बोडी, सिमी लगाउनुभएको छ ।

व्यावसायिक च्याउखेतीमा रमाइरहनुभएको छ । उहाँलाई च्याउखेती गर्नका लागि वीरेन्द्रनगर नगरपालिकाले बीउ उपलब्ध गराएको थियो । ज्ञानबहादुरले भन्नुभयो, "दैनिक सात किलोसम्म च्याउ बेच्छु, सिजनमा क्विन्टल आलु, प्याज, धनियाँ, लसुन र खुर्सानी बेचिरहेको छु, घरखर्च यहीँबाट पुग्छ ।" प्रतिकिलो रु तीन सयमा च्याउ बिक्री गर्ने गरेको उहाँले उल्लेख गर्नुभयो । उहाँले धान तथा तरकारी खेतीमा आफैँले तयार पारेको गोठेमल हाल्ने गरेको बताउनुभयो ।

ज्ञानबहादुरले भन्नुभयो, "पछिल्लो समय युरियाजस्ता विषादीले तरकारीको उत्पादन बढाएको छ, तर मानव स्वास्थ्यमा नराम्रो असर परिरहेको छ ।"जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन गर्न र किसानको जीविकोपार्जनमा सुधार ल्याउन वीरेन्द्रनगर नगरपालिकाले किसानलाई अर्गानिक तरकारीखेती गर्नका लागि विभिन्न कार्यक्रम ल्याएको नगरपालिकाको कृषि विकास शाखाका कृषि अधिकृत निशा केसीले जानकारी दिनुभयो ।

नगरपालिकाले नगरका १६ वटै वडामा कृषिक्षेत्र पकेट पहिचान गरी तरकारीखेती गर्न सहयोग गर्दै आइरहेको उहाँले बताउनुभयो । सहरी क्षेत्रमा कौशीखेती, ग्रामीण भेगमा तरकारीखेती प्रवर्द्धन कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ । बीउबीजन वितरण गर्ने, पक्की टनेल निर्माणमा ५० प्रतिशत अनुदान दिने गरेको केसीले जानकारी दिनुभयो । रासस

# युवालाई व्यवसायमा खुड्किलो चढ्ने माध्यम बन्यो 'ब्याज अनुदान'

रामपुर । स्वदेशमै बसेर केही गर्छु भन्ने मनसाय बोकेका युवालाई ब्याज अनुदान कार्यक्रम एउटा खुड्किलो चढ्ने माध्यम बनेको बताउनुहुन्छ, युवा व्यवसायी विनोद श्रेष्ठ । रामपुर नगरपालिकामार्फत सञ्चालित युवा स्वरोजगार कार्यक्रमअन्तर्गत ब्याज अनुदानमा सिफारिस भई उहाँले व्यवसाय चलाउनुभएको छ ।

पहिलोपटक ब्याज अनुदानमा नगरपालिकाबाट सिफारिस भई उहाँले रु १० लाखको ब्याज अनुदान लिनुभयो । दोस्रोपटकका लागि पनि उहाँ यस आर्थिक वर्षको कार्यक्रममार्फत पुनः कार्यक्रममा दोहोरिनुभएको छ । उहाँले पहिलोपटक नगरपालिकाले तोकेको प्रक्रियाअनुसार व्यवसाय चलाउनुभएको थियो । यसपटक सो कार्यक्रममा रु २० लाख सिफारिसमा परेको श्रेष्ठले बताउनुभयो ।

"व्यवसाय भनेको आफैँले लगानी गर्ने हो, अनुदान भनेको एउटा खुड्किलो चढ्ने माध्यम हो, नगरपालिकाले ल्याएको यस कार्यक्रमले व्यवसायमा सहजता ल्याएको छ, व्यवसायका लागि बैंकबाट लिएको ऋणको ब्याज नगरपालिकाले तिरिदिएपछि धेरै सजिलो भएको छ", उहाँले भन्नुभयो ।

उहाँले होलस्टिन नामबाट पशुफार्म चलाउनुभएको छ । लामो समयदेखि पशुफार्म व्यवसायमा आबद्ध श्रेष्ठले नगरपालिकाले सञ्चालन गरेको ब्याज अनुदान कार्यक्रमको प्रभाव युवामा परेको बताउनुभयो । यसले युवालाई व्यवसाय गर्न प्रोत्साहन मिलेको छ । "ब्याज अनुदान कार्यक्रम असाध्यै राम्रो छ, व्यवसाय सानो होस् या ठूलो लगानी आफैँले गर्ने हो", उहाँले भन्नुभयो, "तर अनुदान आउनु र पाउनु भनेको एउटा व्यवसायमा खुड्किलो चढ्ने आधार हो, यसलाई हामीले प्रोत्साहनका रूपमा लिनुपर्छ ।"

उहाँले पशु खरिद बिक्री, दूध उत्पादन तथा बजारीकरण कार्य गरिरहनुभएको छ । श्रेष्ठले विदेश जान लागेका युवालाई स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने उदाहरण देखाउँदै पशुपालनमा लागेको बताउनुभयो । हाल उहाँको फार्ममा गाईभैँसीसहित १० वटा पशु छन् । पशु थप्ने तयारी गरिरहनुभएको छ । उहाँले २० वटा लैनो भैँसीपालन गर्ने योजना बनाउनुभएको छ । हाल ६० लिटर दूध उत्पादन लिइरहेको र धेरै हुँदा एक सय ३० लिटर उत्पादन हुने गरेको श्रेष्ठ बताउनुहुन्छ ।

रामपुर नगरपालिकाले सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रममार्फत



युवाले विभिन्न व्यवसाय गरेर आत्मनिर्भर बन्दै गएका छन् । विदेश गएर फर्केका र जाने तयारीमा रहेका युवालाई स्वदेशमै बसेर विभिन्न व्यवसाय सञ्चालन गरी स्वरोजगार बनाउन आव २०७६/७७ देखि नगरपालिकाले युवा स्वरोजगारअन्तर्गत ब्याज अनुदान कार्यक्रम सुरु गरेको हो । यस कार्यक्रममा सिफारिस भएका व्यवसायीलाई बैंकमा लिएको ऋणको ब्याज बुझाउनुपर्ने झन्झट व्यहोर्नुपरेको छैन ।

सुरुमा रु पाँच लाखबाट ब्याज अनुदान दिन थालेको नगरपालिकाले हाल भने रु ३० लाखसम्म अनुदान दिने गरेको छ । यस कार्यक्रमबाट अहिलेसम्म ९७ युवा लाभान्वित भएका छन् । हालसम्म रु एक करोड ११ लाख ६९ हजार आठ सय २८ बराबरको रकम लगानी गरिएको छ । युवा वैदेशिक रोजगारमा जाने बढ्दै गइरहेको अवस्था हुँदा उनीहरुलाई गाउँमै व्यवसाय सञ्चालन गरेर टिक्ने वातावरण बनाउँदै ब्याज अनुदान कार्यक्रम ल्याइएको रामपुर नगरप्रमुख एवं युवा स्वरोजगार कार्यक्रम सञ्चालन समिति संयोजक रमणबहादुर थापा बताउनुहुन्छ ।

"सिधैँ अनुदान रकम दिनुभन्दा ब्याजमा लगानी गरिदिँदा व्यवसाय दीर्घकालसम्म टिक्ने र व्यवसायीलाई पनि बैंकबाट लिएको ऋणको ब्याज तिर्नुपर्ने भार परेन", नगरप्रमुख थापाले भन्नुभयो, "बैंकको ब्याज रकम नगरपालिकाले बुझाइदिने भएपछि व्यवसायीलाई ब्याज तिर्ने तनाव भएन, व्यवसायमा मात्रै ध्यान दिएर भयो, ब्याज अनुदान कार्यक्रम धेरै प्रभावकारी र लामो समयसम्म व्यवसाय टिक्ने देखिएको छ ।"

यस आवमा नगरभित्रका ४४ जना युवालाई कार्यक्रममा छनोट गरिएको नगरप्रमुख थापाले बताउनुभयो । मापदण्डअनुसार व्यवसाय नगर्नेका लागि भने अनुदान रोक्का गरिने उहाँ बताउनुहुन्छ । नगरप्रमुख थापाका अनुसार कार्यक्रममा समावेश व्यवसायीले तोकेको मापदण्डअनुसार प्रक्रिया पूरा गर्नेलाई अनुदान उपलब्ध गराइएको छ ।

> उहाँले पशु खरिद बिक्री, दूध उत्पादन तथा बजारीकरण कार्य गरिरहनुभएको छ । श्रेष्ठले विदेश जान लागेका युवालाई स्वदेशमै बसेर केही गर्न सकिन्छ भन्ने उदाहरण देखाउँदै पशुपालनमा लागेको बताउनुभयो ।

तरकारी, फलफूलखेती, संरचनाभित्र तरकारीखेती/तरकारी वा फलफूल वा पुष्प नर्सरी, कुखुरापालन (ब्रोइलर), कुखुरापालन (स्थानीय, लेयर्स, हाँसलगायत अन्य पन्छीपालन), माछापालन, बाख्रापालन, मौरीपालन, च्याउखेती, बङ्गुरपालन, गाईभैँसीपालन व्यवसाय गर्नका लागि नगरपालिकाले ब्याज अनुदान उपलब्ध गराउँदै आएको नगरपालिका कृषि शाखा प्रमुख एवं सदस्यसचिव नारायणप्रसाद गैरेले बताउनुभयो । कार्यक्रमा सिफारिस भएर व्यवसायमा लागेका व्यवसायीको बेलाबेलामा समितिले तोकेको मापदण्डअनुसारकामगरे-नगरेकोअनुगमन गर्ने कार्य भइरहेको प्रमुख गैरे बताउनुहुन्छ ।

उहाँका अनुसार तरकारीखेती/फलफूलखेती न्यूनतम दुईदेखि पाँच रोपनीमा खेती गर्नेलाई रु पाँच लाख, १० रोपनीमा रु १० लाख, ३० रोपनीमा रु २० लाख, ५० रोपनीमा रु ३० लाख रहेको छभने संरचनाभित्र तरकारी खेती/तरकारी वा फलफूल वा पुष्प नर्सरी व्यवसाय न्यूनतम एक रोपनीमा रु पाँच लाख, पाँच रोपनीमा रु २० लाख, १० रोपनीमा रु ३० लाख र च्याउखेती न्यूनतम तीन डुम हाउसलाई रु पाँच लाख, छ डुम हाउसलाई रु १० लाख, १२ डुम हाउसलाई रु २० लाख र १८ डुम हाउसलाई रु ३० लाख रहेको छ ।

बङ्गुरपालनतर्फ न्यूनतम पाँच माउ वा २० वटा बच्चा भएकालाई रु छ लाख, १० वटा माउलाई रु १२ लाख, २० माउलाई रु २४ लाख, २५ माउलाई रु ३० लाख छभने गाईभैँसीपालनतर्फ न्यूनतम पाँच माउका लागि रु १० लाख, १० माउलाई रु २० लाख, २० माउका लागि रु ३० लाख रहेको छ ।

यस्तै, कुखुरापालन (ब्रोइलर) न्यूनतम पाँच सय पालन गरेमा रु तीन लाख, आठ सयलाई रु पाँच लाख, एक हजार छ सय गर्नेलाई रु १० लाख, तीन हजार दुई सयलाई रु २० लाख छ । पाँच हजार कुखुरापालनका लागि रु ३० लाख र कुखुरापालनमै (लोकल, लेयर्स, हाँसलगायत अन्य पन्छीपालन) न्यूनतम पाँच सय पन्छीका लागि रु छ लाख, एक हजार पाँच सय पन्छीपालन गर्नेलाई रु १५ लाख, तीन हजार कुखुरापालन गर्नेलाई रु ३० लाख रकम ब्याज अनुदानको रुपमा उपलब्ध गराइने कार्यविधिमा उल्लेख छ ।

माछापालनतर्फ भने न्यूनतम दुई रोपनीमा रु पाँच लाख, पाँच रोपनीमा रु १० लाख, १० रोपनीमा रु २० लाख, १५ रोपनीमा रु ३० लाख छभने बाख्रापालनतर्फ (माउबाख्रा) न्यूनतम दशवटा माउ बाख्राका लागि रु पाँच लाख, २० भएमा रु १० लाख, ४० भएमा रु २० लाख, ६० माउबाख्रालाई रु ३० लाख र मौरीपालनतर्फ न्यूनतम २० घार भएमा रु तीन लाख, ४० घारलाई रु छ लाख, ८० घारलाई रु १२ लाख, दुई सय घारलाई रु ३० लाख रहेको छ । अन्य व्यवसाय तथा विन व्यवसायका लागि भने समितिको निर्णयानुसार उपलब्ध गराइनेछ ।

दुई वर्षसम्म युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान प्राप्त गरिसकेका युवा उद्यमीले पुनः कार्यक्रममा सहभागी भई ब्याज अनुदानका लागि प्रस्ताव पेस गरेमा समितिले पूर्वसञ्चालित व्यवसायमा थप न्यूनतम मापदण्ड पूरा गरी मापदण्डअनुसारको कर्जा रकममा ब्याज अनुदान दिइने कार्यविधिमा जनाइएको छ । समितिले तोकेको मापदण्ड र कार्यविधिमा रहेर व्यवसाय गर्ने युवालाई कार्यक्रममा समावेश गरिने गरिएको छ । केही काम गर्न चाहना भएका युवा उद्यमीलाई व्यवसायबाट स्वरोजगार र आत्मनिर्भर बनाउन ब्याज अनुदान उपलब्ध गराइएको छ । यस कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिका लागि २१ वर्षदेखि ५९ वर्ष उमेर तोकिएको छ ।रासस

## यस्तो छ तरकारी एवं फलफूलको थोक मूल्यसूची

काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले मंगलबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । मंगलबार गोलभैँडा ठूलो (नेपाली) प्रतिकेजी रू ६०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रू ६०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रू २५, आलु रातो प्रतिकेजी रू ३५, आलु रातो (भारतीय) प्रतिकेजी रू ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रू ७७, गाजर (लोकल)



प्रतिकेजी रू ३०, गाजर (तराई) प्रतिकेजी रू २५, बन्दा (लोकल) प्रतिकेजी रू १५, बन्दा (तराई) प्रतिकेजी रू १५, बन्दा (नरिवल) प्रतिकेजी रू १५, काउली स्थानीय प्रतिकेजी रू १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रू २०, काउली (तराई) प्रतिकेजी रू १५, मूला रातो प्रतिकेजी रू ३०, मूला सेतो (लोकल) प्रतिकेजी रू २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रू २५, भन्टा लाम्चो प्रतिकेजी रू २५ र भन्टा डल्लो प्रतिकेजी रू ५० कायम भएको छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलरको मूल्य पुनः उकालो लागेको छ । अमेरिकी डलर एकको खरिददर एक सय ३८ रूपैयाँ ७१ पैसा र बिक्रीदर एक सय ३९ रूपैयाँ ३१ पैसा, युरोपियन युरो एकको खरिददर एक सय ४५ रूपैयाँ ४० पैसा र बिक्रीदर एक सय ४६ रूपैयाँ तीन पैसा निर्धारण गरिएको छ ।

युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रूपैयाँ ७५ पैसा र बिक्रीदर एक सय ७५ रूपैयाँ ५१ पैसा कायम गरिएको छ । स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५३ रूपैयाँ ९९ पैसा र बिक्रीदर एक सय ५४ रूपैयाँ ६६ पैसा तय गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८८ रूपैयाँ २३ पैसा र बिक्रीदर ८८ रूपैयाँ ६२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ७३ पैसा र बिक्रीदर ९८ रूपैयाँ १५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रूपैयाँ ४१ पैसा र बिक्रीदर एक सय तीन रूपैयाँ ८६ पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ ।रासस


| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | बबिता देवी पुर्बे | मिथिलेश्वर निकास ०८ | ६२६१२६२६ धनुषा २०५९।१२।०३ | राम चन्द्र पुर्बे | रुदल पुर्बे | ब्यपार | १,००,०००।- | ६०,७३०।- | १,६०७३०।- | |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | मांशि पशुपंक्षी प्रो. ओपेन्द्र कुमार यादब | गेठ कोयलपुर ०२ | ३५०५०७५५ धनुषा २०५७।१०।०२ | गिरधारी तेथबार | गब्दु तेथबार | पशुपालन | २५,००,०००।- | ११,७७,३४२।- | ३६,७७,३४२।- | |

**फर्मको दर्ता** ३८३ **दर्ता भएको कार्यालयः** क्षेत्रिय पशु सेवा कार्यालय जनकपुर धनुषा, **दर्ता मितिः** २०७१।०६।१३ **पान नंः** ६०२१७७३७९ **दर्ता मितिः**२०७१।०२।२९

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | वाजे |
|---|---|---|---|---|---|
| ओपेन्द्र कुमार यादव | गोथकोयलपुर ०२ | ३५०५०७५५ | धनुषा र २०५७।१०।०२ | गिरधारी तेथबार | गब्दु तेथबार |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| दुखनी देबी तेथबार | गोठ कोयलपुर ०२ | ३४०५०२८६ | धनुषा २०३६।११।२७ | गिरधारी तेथबार | गब्दु तेथबार्रे |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ असोज मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | रामदेब यादब | खारिहानी ०७ | ५६६३/४७५२२६०० धनुषा २०३२।०२।२३ | मैदरी यादब | ललचन यादब | घराईसी | १,०८,४१२।- | १,०९,४६३।- | २,१७,८७५।- | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# शिक्षकद्वारा विरोध प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षकहरूको मागविपरीत सरकारले काम गरिरहेको भन्दै धनुषाको गणेशमानचारनाथनगरपालिकाका शिक्षकहरु हातमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेका छन् । नेपाल शिक्षक महासंघको पूर्व निर्धारित कार्यक्रम अनुसार मंगलवार शिक्षकहरु पालिकामा विरोध प्रदर्शन गर्नुका साथै माग सम्बोधन सम्बन्धमा ध्यानाकर्षण पत्र समेत बुझाएका छन् ।

जिल्लाको गणेशमान चारनाथ नगरपालिकाका उपमेयर तुलसा कुमारी पाण्डे एवं प्रमुख प्रशासकीय अधिकृत रणजित कुमार यादवलाई संयुक्त रूपमा ध्यानाकर्षण पत्र बुझाउँदै शिक्षकहरुले विगतमा भएका सहमति अनुसार सरकारले यथाशीघ्र शिक्षा ऐन जारी नगरे पुन आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । सो अवसरमा नेपाल शिक्षक संघका राघवेन्द्र प्रसाद सिंह, प्रमोद कुमार यादव, बद्रीलाल कर्ण, एकीकृत अखिल नेपाल शिक्षक संगठनका सफिद राइन, वैद्यनाथ सिंह, मञ्जु कट्टेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका मनोज कुमार सिंह, चन्देश्वर महतो र नेपाल शिक्षक मंचका रामनाथ यादव लगायत विभिन्न विद्यालयबाट उल्लेख्य संख्यामा शिक्षक, विद्यालय कर्मचारीको उपस्थिति थियो ।

यस्तै बटेश्वर गाउँपालिकाका शिक्षकहरुले समेत कालोपट्टी बाँधेर विरोध प्रदर्शन गर्नुका साथै ध्यानाकर्षण पत्र समेत बुझाएको आधारभूत विद्यालय सीतापुरका शिक्षक दीपेन्द्र सिंहले जनाए । शिक्षकहरुले महासंघको पूर्व निर्धारित कार्यक्रम अनुसार देशभरका पालिकामा प्रदर्शन गरी ध्यानाकर्षण पत्र बुझाएको जनाइएको छ ।

सरकारले केही दिनअघि निवृत्तिभरण ऐन सम्बन्धी अध्यादेश जारी गरेको थियो। उक्त अध्यादेशविरुद्ध शिक्षकहरुले असन्तुष्टि जनाएका छन् । 'नेपाल सरकारको सिफारिसमा २०८१ पौष २९ गते जारी भएको निवृत्तिभरण ऐन सम्बन्धी अध्यादेशप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ' गणेशमान चारनाथ नगरपालिकास्थित जनता जायसवाल मा.वि. गोदारका शिक्षक जितेन्द्र प्रसाद सिंहले भने-'विद्यालय शिक्षा ऐन संसदीय प्रक्रियामार्फत अविलम्ब जारी हुनुपर्ने अवस्थामा रहेका बखत उक्त ऐनबाट सम्बोधन हुनुपर्ने शिक्षकको निवृत्तिभरण सम्बन्धी विषयमा आम शिक्षकको भावना र आन्दोलनको मर्मविपरीत संशोधन आएको हुँदा यो अध्यादेशलाई तत्काल अस्वीकार गर्ने अवस्था नरहेको बताए ।

यस अघि शिक्षकहरुले २०८० असोज ३ गतेदेखि सरकारले संसद्मा दर्ता गरेको विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० विरुद्ध असन्तुष्टि जनाउँदै काठमाडौं माइतीघर मण्डलामा शक्ति प्रदर्शन गरेका थिए ।

देशभरका शिक्षकहरूले सामुदायिक विद्यालय नै बन्द गरेर झण्डै दुई सातासम्म विरोध प्रदर्शन गरेपछि सरकार बाध्य भएर छलफलमा बोलाएर विभिन्न सहमति गरेको थियो। त्यसयता विभिन्न शिक्षक संगठनले पहिला जस्तैगरी सडकमा शक्ति प्रदर्शन गर्ने चेतावनी बारम्बार दिँदै आएका छन् ।

# महिलाहरुको पहिचान र अधिकारलाई नेतृत्व गर्ने नेताहरुको भुमिका दरो हुनुपर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं महिला विभाग प्रमुख पुष्पा भुसालले नेपाली काँग्रेस जनप्रिय पार्टी रहेको हुँदा नेताहरु पनि जनप्रिय बन्नु पर्ने बताए ।

नेपाली काँग्रेस मधेश प्रदेश कार्यालय जनकपुरधाममा मंगलबार आयोजित महिला नेतृत्व, अवस्था, अवसर र चुनौती विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय सदस्य एवं महिला विभाग प्रमुख भुसालले बताइन् ।

नेपालको संविधान र नेपाली कांग्रेसको विधानले प्रदत्त गरेको महिलाहरुको पहिचान र अधिकारलाई अन्य दल भन्दा फरक ढंगबाट विष्लेशन गरेर नेतृत्व गर्ने नेताहरुको भुमिका दरो हुनुपर्नेमा जोड दिइन् । क्रान्तिको भुमि मधेश प्रदेश रहेको हुँदा जबजब नेपालमा संटक पर्दछ तब तब मधेशका महिलाहरु पनि पुरुषको काँधमा काँध मिलाएर आफ्नो दरो भुमिका निर्वाह गर्दै आएको हुँदा महिला नेतृत्वलाई अवसर प्रदान गरिएमा संगठन बलियो हुने विश्वास व्यक्त गरिन् ।

केन्द्रीय महिला विभागले सात वटै प्रदेशमा यस्ता कार्यक्रम गर्न लागिएको स्पष्ट पार्दै महिला विभाग प्रमुख भुसालले हामीले प्राप्त गरेको हक र अधिकारलाई नेपाली काँग्रेसले कति दियो त्यसको विश्लेशन गर्नुपर्ने एउटा महत्वपूर्ण अवसरको रुपमा मैंले लिएको छु । यो महिलाको मात्रै नभई समग्र पार्टीको कार्यक्रम हो । आम महिलालाई अगाडि बढाउनका लागि नेपाली काँग्रेसको नेतृत्व वर्गले सोच्नु पर्छ । जनताको विषय बस्तुलाई सहि समयमा उठाएर समाधान गराउनुपर्ने बताए ।

कांग्रेसले क्रान्ति गर्दा खेरी मधेशको वीरगञ्जबाट शुरु गरिएको हुँदा प्रदेशको भुमिका अविष्मणीय रहेको चर्चा गर्दै मधेशका महिलाहरु प्रजातन्त्र र लोकतन्त्रका लागि आहुति दिएका थिए । कांग्रेसले अवसर र मान्यता दियो । बाराको नेता शुबर्ण शम्शेरको तस्वीर राखेर अर्घाखाँचीबाट जिताउने हामी काँग्रेसका नेताहरु विचारलाई जिवन्त राख्दै संगठनलाई बलियो बनाउनुपर्नेमा जोड दिइन् ।

सांसद बन्छु, मन्त्री बन्छु, प्रधानमन्त्री बन्छु भनेर आन्दोलन गरेको होइन, विकास समृद्धि र लोकतन्त्रको लागि आन्दोलन गरेका थिए । लोकतान्त्रिक मूल्य मान्यताका लागि हामी संगठनलाई बलियो बनाउनुपर्ने जिकिर गरिन् ।

अब नेपाली काँग्रेसको काँधमा देशको जिम्मेवारी ल्याएर लोकतन्त्रको जगलाई बलियो बनाउनु पर्ने जिकिर गरिन् । सो कार्यक्रमका प्रमुख अतिथिको रुपमा नेपाली काँग्रेसका वरिष्ठ नेता एवं पूर्वमन्त्री विमलेन्द्र निधि, महेन्द्र यादव, प्रचार प्रसार विभाग प्रमुख नितशकुमार गुप्ता सहितका नेताहरुको उपस्थिति रहेको थियो ।

# शंकास्पद मृत्यु घटना सम्बन्धमा छानबिन गर्न ५ सदस्यीय समिति गठन

**टुडे समाचारदाता**

लहान । सिरहाको नवराजपुरकी रिंकु सदा मृत्यु प्रकरणको घटनाको थप अनुसन्धान गर्न प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशले छानबिन समिति गठन गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक शान्ति राज कोइरालाको नेतृत्वमा पाँच सदस्य छानबिन समिती गठन गरिएको जनाइएको छ । सो समितिमा प्रहरी निरीक्षक तथा मुद्दा शाखाका कर्मचारीसहित पाँच सदस्यहरू रहेको प्रदेश प्रहरीले जनाएको छ । सो समितिले आजदेखि घटना स्थलमा गई घटनाको बारेमा बुझ्ने तथा अनुसन्धान कार्य प्रारम्भ गरेको छ । गत माघ ३० गते सिरहाको नवराजपुर गाँउपालिका- १ स्थित भवगतीपुर टोलका विजुलिया सदायका १७ वर्षीया छोरी रिंकु आफ्नै घरको टिनको छानोमा पासो लगाई झुण्डेको अवस्थामा फेला परेकी थिइन् ।

घटना हुनुअघि उनीमाथि स्थानीय तीनजना युवकले सामूहिक बलात्कार गरेको, त्यसको पञ्चायत भएर मिलाउने प्रयास गरेको घटना बाहिर आएको छ ।

# मधेशको नीति आयोग यसरी बन्दैछ व्यवस्थित, आवधिक योजना कार्यन्वयनका लागि के गरिदैछ ?


किरण कर्ण

जनकपुरधाम । मुलुकमा संघीयता कार्यान्वयन भएसंगै सात वटा प्रदेशमा सरकार सञ्चालनका लागि मेरुदण्डको रुपमा प्रदेश नीति आयोग गठन भएको एक दशकभन्दा लामो समय भएको छ । प्रदेश स्थापना भएदेखि अहिलेसम्म तीन जना उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोगले पाइसकेको छ । मुख्यमन्त्री अध्यक्ष रहने गरी स्थापना गरिएको आयोगको उपाध्यक्षमा अहिलेसम्म डा. हरिवंश झा, डा. भोगेन्द्र झाले सम्हालिसकेका छन् भने अहिले डा. सोहन साह उपाध्यक्ष छन् । आयोगको स्थापनाकालको अवस्था निकै दयनीय थियो । अव्यवस्थित कार्यालयमा कर्मचारीको अभाव, आयोगले पूर्णता नपाएको अवस्थाले गर्दा पूर्वउपाध्यक्ष हरिवंश झाको कार्यकालको धेरैजसो समय अलमलमै वित्यो । त्यसपछि उपाध्यक्ष भएका डा. भोगेन्द्र झाको कार्यकालमा प्रदेश नीति आयोगको नाम प्रदेश नीति तथा योजना आयोग नामकरण गरियो । तर आयोगको कामकारबाही सुचारु गर्न कम्ता चुनौती थिएन । स्थापनाकालमा प्रदेश नीति आयोगको कार्यालयमा न्यून कर्मचारी, पूर्णता पाउन ढिलाइ र मधेश भवन भित्रै रहेको भौतिक विकास पूर्वाधार मन्त्रालयको छेउमा सांघुरिएको कोठामा जसोतसो स्थापना भएको स्मरण तत्कालीन उपाध्यक्ष डा. भोगेन्द्र झाले स्मरण गरे ।

नयाँ नयाँ प्रदेश सरकारको स्थापना भएको बेला प्रशासनिक कामकारबाहीदेखि मुख्यमन्त्री-मन्त्री, विभिन्न निकायमा राजनीतिक नियुक्त भएका व्यक्तित्वहरुलाई पनि काम गर्न समस्या, कतिपयलाई अन्योल र कतिपयलाई काम गर्ने वातावरण बनाउनमै केही महिना वितेको उनको अनुभव छ ।

मुलुकको नयाँ संरचना अनुसार नयाँ अभ्यास भइरहँदा प्रदेश नीति आयोगले सरकारको नीति निर्माण, प्रदेशका योजनाहरु निर्माणलगायतका प्रदेश सरकारका आन्तरिक कामकारबाहीहरुलाई सहजता प्रदान गर्न भूमिका खेलेको थियो । त्यसबेला उनले नीति निर्माणको दस्तावेजीकरणको क्रममा विभिन्न गैर सरकारी संस्था, केही अन्तर र्राष्ट्रिय गैर सरकारी संस्थाले समेत गरेको उनले बताए । डा. भोगेन्द्र उपाध्यक्ष रहँदा तीनजनादेखि सात जनासम्म कर्मचारीहरु थियो ।

नियुक्ति हुने क्रममा उनीसंग तीनजना कर्मचारी थिए । पछि विस्तारै काम थाल्दा सात जनासम्म कर्मचारी रहेको उनको स्मरण छ ।

### नाम फेरिएसंगै देखिएको काम

प्रदेश नीति आयोगबाट प्रदेश नीति तथा योजना आयोग नामकरण भयो ।

सुरुवाती चरणको करिब साढे तीन वर्ष जति निकै कठिनाइ अवस्थाबाट गुज्रिए पनि अहिले भने मधेश भवन भनिएको जनकपुर चुरोट कारखाना लिमिटेडको आवास क्षेत्रबाट प्रदेश नीति तथा योजना आयोगको कार्यालय सरेको छ । त्यहाँबाट अहिले जनकपुरधामस्थित वशिष्ठ चोकमा भाडाको घरबाट सो आयोगको कामकाज व्यवस्थित सहज र छिटो छरितो हुँदा वर्तमान मुख्यमन्त्री सतीशकुमार सिंह नेतृत्वको सरकारलाई कामकाजमा सहजता भएको देखिन्छ ।

अहिले सो आयोगले पूर्णता समेत पाइसकेको छ भने मुख्यमन्त्री-मन्त्री, विभिन्न निकायका पदाधिकारीदेखि कर्मचारीहरुसमेत अहिलेको कामकाजमा सन्तुष्ट रहने गरेको उपाध्यक्ष डा. सोहन साह बताउँछन् ।

पूर्वउपाध्यक्ष डा. झाले सबैभन्दा पहिला प्रथम योजनाको आधारपत्र, प्रथम अद्यावधिक योजना, प्रदेश प्रोफाइल डेमोग्राफी, एसडिजी स्थानीयकरण दिगो विकास लक्ष्य, अनुगमन तथा दिग्दर्शन योजना कार्यान्वयन दिग्दर्शन, योजना बैंक, रिजनल प्लानिङ डकुमेन्टलगायतका प्रदेशको नीति निर्माणका लागि दस्तावेजीकरणदेखि कार्यको थालनी भयो । सो क्रममा दिगो विकासको लक्ष्य सांकेतिकरणको दस्तावेजीकरण पनि तयार पारिएको बताउँदै पूर्वउपाध्यक्ष डा. भागेन्द्र झाले सो पुस्तक भने प्रकाशित आफ्नो पालामा हुन नसकेको बताए पनिसोको बारे आफूलाई जानकारी नभएको पनि उनले प्रस्ट्याए ।

उनले निजी साझेदारी सार्वजनिक ऐनको आन्तरिक कार्य आफ्नो कार्यकालमा भएको सम्झे । तर सो ऐनबारे पनि उनलाई थाहा नभएको उनले बताए ।सो आयोगको कार्यालय स्थापना पछि कार्यालयको कामकाजमा कठिनाई, एउटै कर्मचारी अधिकारीको दोहोरो जिम्मेवारी, बैठक बसेर गर्नुपर्ने महत्वपूर्ण निर्णयलगायतका कामकाजका लागि पनि तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवलाई सदस्य सचिवको जिम्मेवारीका कारण कुर्नु पर्दा कामकाजमा निकै कठिनाइ हुने गरेका थिए ।

तर अहिले भने यस आयोगको छुट्टै सदस्य सचिव छ । आयोगमा सदस्य सचिव आएपछि आयोगका पदाधिकारी, सदस्य सचिव, कर्मचारीबीचमा पनि मैत्रीपूर्ण सम्बन्धले गर्दा कामकारबाही छिटोछरितो र आवश्यकता अनुसार हुने गरेकोमा खुसी छन्, उपाध्यक्ष डा. साह ।

आयोगले प्रदेशभरमा जनसंख्या, रोजगारीको अवस्था, विकास निर्माणको अवस्था, शैक्षिक अवस्था, वैदेशिक रोजगारीबारे अवस्था, स्वरोजगारीको अवस्थालगायत हरेक क्षेत्रको संगै प्रदेश नीति तथा योजना आयोगले तथ्यांकको अध्ययन, छलफल र विभिन्न साधन स्रोतको प्रयोग गरेर नीति तथा योजना निमाण गर्न थालेपछि आयोगले पनि गति लिएको छ ।

आयोगले अहिलेसम्म विभिन्न महत्वपूर्ण ड्राफ्टहरु पनि निर्माण गरेको छ । प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन २०७६, प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७७, प्रदेश नम्बर २ को जनसांख्यिक स्थिति, प्रदेश पाश्रवचित्र, नेपाल प्रादेशिक योजना प्रदेश नम्बर २ कार्यहरु मात्रै सम्पन्न भएको थियो ।

अहिले आयोगले आफ्नो कार्यालय संचालनका लागि भए पनि कतिपय नीति निर्माणका लागि भए पनि बुँदागत विषयवस्तुहरु संशोधन गरेको छ ।

उपाध्यक्षमा डा. साह नियुक्त भएपछिकेही वर्षभित्रमा योजनाको अनुगमन मूल्यांकन प्रतिवेदन, अध्ययन प्रतिवेदनहरु, संचालित गोष्ठी तथा कार्यक्रमको प्रतिवेदन, वार्षिक, अर्धवार्षिक, चौमासिक प्रगति प्रतिवेदन, एसडिजी रिपोर्टलगायतका कामहरु सम्पन्न भएको जानकारी दिए ।

### नीति तथा योजनामा सुधारः शिक्षा र हुलाकी राजमार्ग प्राथकितामा

सदस्य रहेका बेला डा. साहले पूर्वशिक्षामन्त्री महेशप्रसाद यादवले शिक्षा नीति बनाउन भनेपछि आफूले शिक्षा नीतिमा राष्ट्रिय शिक्षा नीति, टेक्निकल एन्ड भोकेसनल, साइन्स टेक्निकल एजुकेसनललगायतका सरोकारवालासंग पनि छलफल गरेर प्रदेश शिक्षा नीति निर्माण गरेको बताए ।

उनले प्रदेशको शिक्षा नीति नै नहुँदा निकै जटिल रुपमा अघि बढिरहेको मधेश प्रदेशको शिक्षा लथालिंग नै रहेको बताए ।

यसलाई व्यवस्थित बनाउनका लागि आफूले संघीय, प्रदेश र स्थानीय तहमा रहेको अधिकारलाई प्रयोग गरी प्रदेशमा शिक्षा क्षेत्रमा देखिएका समस्याको गाँठो फुकाउने काम गरेको उनले बताए ।

प्रदेशमा शिक्षा नीति बनाउँदा विज्ञ बाहिरबाबट बोलाउने, तर अब त्यो ट्रेन्ड चेन्ज गर्‍यौं । हाइलेबल टेक्निकल टिमबाट शिक्षाको नीतिको सुरुवात गरिएको हो ।उनको नजरमा प्रदेशको शिक्षा संगसंगै प्रदेशको धड्कनको रुपमा रहेको सडकतर्फ समेत उनको ध्यान केन्द्रित भयो ।

त्यसपछि उनले तराई-मधेशको लाइफलाइनको रुपमा रहेको हुलाकी राजमार्गको निर्माणलाई पनि प्राथमिकता दिनुपर्ने महसुस गरे । मधेश प्रदेशमा हुलाकी राजमार्ग निर्माण भएमा आमुल परिवर्तन नै हुने उनको बुझाइ छ । उनले हुलाकी राजमार्ग निर्माण भएपछि मुलुकको दिगो विकासमा गुणात्मक फड्को मार्ने दाबी गरे ।

विगतमा नीति आयोगले शिक्षा, स्वास्थ्य, कृषिलगायतका विषयवस्तु छनोट गरे पनि ठ्याक्कै बुँदागत रुपमा मिहीन तवरले आवश्यक विषयवस्तुको छनोट गर्न नसक्दा परिणाम खोजेको बमोजिम सफलता प्राप्त नगरेको उनको कथन छ ।

तर आफू उपाध्यक्ष बनेपछि हरके विषयवस्तुको तथ्यांक केलाएर अध्ययन, अनुसन्धानका लागि अनुगमन गरेर आवश्यकता अनुसारको कामलाई प्राथमिकता दिइ नीति अनुसार योजना बनाएपछि सफलता प्राप्त हुनेमा ढुक्क रहेको विश्वास व्यक्त गरे ।

उपाध्यक्ष साहले भने, 'यता आएर आफूले हुलाकी राजमार्गलाई लाइफलाइनकै रुपमा लिएको छु ।'

अचेल प्रदेश नीति तथा योजना आयोगको कार्यालयमा प्रत्येक महिनामा दुई वटा छलफल संवाद कार्यक्रम गर्ने गरेको आयोगका उनले बताए ।

नयाँ विषयवस्तुमाथि विषयगत बौद्धक वर्गसंग छलफल र संवादको माध्यमबाट नीति तथा योजना निर्माणमा टेवा पुग्नुको साथै यस आयोगको कार्यालयको पनि सम्बन्धको विस्तार भएको छ ।

### आयोगको सक्रियताले जनसम्बन्ध विस्तार

आयोगको सक्रियतासंगै जनसम्बन्ध पनि विस्तार हुँदै गएको छ । आयोगमा आउने हरेक व्यक्तिको पाइलाले केही नयाँ विचार पोख्ने र सो विचारको आवश्यकता अनुसार अनुग्रहीत गरेर नीति तथा योजना बनाएर सरकारले कार्यान्वयन गर्ने वातावरण बन्दै जाँदा प्रदेशमा सकारात्मक विकासको गोरेटे पनि कोरिएको छ ।

उनले आयोगको कार्यालयले आयोजना गरेको छलफल संवाद कार्यक्रममा आउने आगन्तुकलाई भने भत्ता नदिने गरेको बताए ।

आफ्नो अनुभव सुनाउँदै उपाध्यक्ष डा. साहले भने, 'नीति संवाद कार्यक्रम भन्दा सरकारी कामकाजभन्दा पनि दिन बिताउने रुपमा लिन्थ्यो । तर त्यो परिवर्तन भएको छ । हामीले पनि नीति संवाद कार्यक्रम मार्फत ज्ञान भएका व्यक्तित्वहरुको पहिचान पनि गर्न थालेका छौं । हरेक विषयगतका कार्यक्रमहरु पनि हामीले गरिरहेका छौं ।'

उनले अघि थप्दैं भने, 'यस कार्यक्रममा आएका सल्लाह, सुझाव, विचारलाई मन्थन गरी नीति तथा कार्यक्रम बनाउँदा नयाँ नयाँ कुराहरु पनि आउने गरेका छन्, भने मन्त्रालयका समस्याहरु पनि हामीले थाहा पाउने गरेका छौं, कतिपय कर्मचारीले आफ्नो दुखेसो सिधैं हामीलाई भनेपछि हामीले सो कुरमा पनि काम गर्नुपर्छ भनेर बुझ्ने गरेका छौं ।'

यस छलफल संवादको माध्यमबाट राजनीतिदेखि कर्मचारीहरुको पनि सम्बन्ध नजिकिएको छ ।

यस कार्यालयमा आवश्यकताभन्दा पनि कर्मचारी न्यून भए पनि हामीले एकअर्काको सहयोग, सहकार्य र समन्वयका कारण त्यो अनुभव हामीले नगरेको उनको बुझाइ छ ।

यस आयोगको आन्तरिक कार्यहरु पनि बढी मात्रामा हुने गरेको छ । केही कामहरु बाहिरी रुपमा पनि देखा पर्न थालेका छन् । उनले फेरि पनि दोहोऱ्याउँदै भने, उपाध्यक्षको कुर्सी बसेर दिन बिताउने होइन, मैले यसलाई चलायमान बनाउन खोजे । नीति संवाद कार्यक्रम शुरु गरियो । सात वर्षमा पहिलो पटक अफिस टेकेको भनेर भन्नेहरु पनि छन् ।'

प्रदेश नीति तथा योजना आयोगको कार्यालय अहिले निकै सक्रिय छ । आयोगले हरेक महिनामा छलफल संवाद थालेपछि कार्यालयको सक्रियता बढेसंगै अधिकांश सरोकारवालदेखि कर्मचारीहरुले पनि यस कार्यालयको मर्म बुझ्न थालेको देखिन्छ । आयोगका पदाधिकारी, सदस्य, कर्मचारी अधिकारी, अन्य कर्मचारीहरु बीचको समन्वयले कहिले काँही राति ८ बजेसम्म कामकारबाही हुने गरेको छ ।



प्रदेशको नीति तथा योजना बनाउँदा अनेकन बाधाहरु पनि आउने गरेको थियो । जसले गर्दा बाधा अड्काउ फुकाउका जटिल कार्यहरु पनि अहिले सहजै समाधान हुने गरेको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ ।

सो आयोगले प्रदेश आयोजना बैंक संचालन निर्देशिका, प्रदेश आयोजना विकास आयोजना, प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिका र यसका कार्यविधिलगायतको अधिकार प्रयोग गरेर काम अघि बढिरहेको छ ।

ती निर्देशिकाहरुको कार्यविधिहरु बनाउने र बाँकी रहेका ऐन कानुनन र सोको कार्यविधि पनि बनाउने काम अन्तिम चरणमा रहेको छ ।

प्रदेश नीति तथा योजना आयोगको वेबसाइटमा आवधिक नीति निर्माण, वार्षिक विकास कार्यक्रम, मध्यकालीन खर्च संरचना, प्रदेश आयोजना बैंक र सरकारको नीति तथा कार्यक्रमलगायतका समावेश गरिएको छ ।

पहिलो आवधिक योजना अन्तर्गत आवधिक योजना, आयोगको प्रकाशनहरु, क्षेत्रगत नीतिहरु निर्माण गरी वेबसाइटमा उपलब्ध रहेको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ ।

सो अन्तर्गत प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन २०७६, प्रदेश योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७, प्रदेश नम्बर २ को जनसांख्यिक स्थिति, प्रदेश पाश्रवचित्र र नेपाल प्रोभिन्सियल प्लानिंग प्रदेश २ लगायतका योजनाहरु पनि रहेको आयोगले जनाएको छ ।

त्यस्तै योजनाको अनुगमन मूल्यांकन प्रतिवेदन, अध्ययन प्रतिवेदनहरु, संचालित गोष्ठी तथा कार्यक्रमको प्रतिवेदन, वार्षिक/अर्धवार्षिक/चौमासिक प्रगति प्रतिवेदन/एसडिजी रिपोर्टहरु पनि प्रकाशित गरेको आयोगले जनाएको छ ।

**बालबालिकामा शिक्षाको पहुँ पुऱ्याऔं**

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८